# गैरआवासीय नेपाली संघ,
# राष्ट्रिय समन्वय परिषद्, कतार
## २०१९- २०२१

# नवौं राष्ट्रिय महाधिबेशनमा प्रस्तुत प्रतिबेदन

प्रस्तुतकर्ता : पदम गिरी, महासचिब

मिति : १६ जुलाई २०२१

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको नवौं राष्ट्रिय महाधिबेशनका अध्यक्ष ज्यू, प्रमुख अतिथी ............................. ज्यू, बिशेष अतिथी ज्यूहरु, अतिथी ज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रिय समन्वय परिषद्, कतारका पञ्जिकृत सदस्य ज्यूहरु, कतारमा रहनु हुने सम्पुर्ण श्रमजिबी नेपाली दिदि-बहिनी तथा दाजु-भाईहरु लगायत प्रत्यक्ष प्रसारणका माध्यमबाट हेरिरहनु भएका संसार भरीका सम्पुर्ण नेपालीहरुमा राष्ट्रिय समन्वय परिषद्, कतारको तर्फबाट हार्दिक न्यानो अभिवादन - नमस्कार ।

**आदरणिय पञ्जिकृत सदस्य ज्यूहरु,**

मातृभुमिमा रोजगारीको अवसर प्राप्त नभएर तथा राम्रो अवसरको खोजीमा बैदेशिक रोजगारीमा जाने क्रम धेरै अगाडिबाट शुरु भएको हामी सबैमा बिधितै छ। बैदेशिक रोजगारीको लागि अधिकांस नेपाली रहेको मध्यपुर्व र त्यसमा पनि प्रमुख गन्तव्य कतार रहेको छ। जहा ठुलो संख्यामा श्रमजिबी नेपालीहरु रहेका छन्। प्रवासमा रहेका नेपालीहरुलाई संगठित गर्दे उनिहरुले आर्जन गरेको सिप तथा पुंजिलाई आफ्नै देशमा लगानी गर्न र मातृभुमीको बिकास, उन्नती र समृद्धिका लागि पवित्र मनले गैरआवासीय नेपाली संघको सन् २००३ मा स्थापना भएको हो। बिश्वकै दोश्रो राष्ट्रिय समन्वय परिषद्को रुपमा कतारमा १२ डिसेम्बर २००३ मा संस्थाको स्थापना गर्नुहुने र यस अभियानमा सक्रिय रुपमा अवनरत लाग्नुहुने गैरआवासीय नेपाली संघका सम्पुर्ण अग्रजहरुमा राष्ट्रिय समन्वय परिषद्, कतारको कार्यसमिति हार्दिक आभार सहित सम्मान ब्यक्त गर्दछौं ।

राष्ट्रिय समन्वय परिषद्, कतारको स्थापना पछिको १७ बर्षको अबधिमा धेरै आरोह अबरोहहरु पार गर्दै आज यहा सम्म आईपुग्दा अग्रजहरुको मार्गदर्शन, सल्लाह सुझाबका आधारमा श्रमजिबी नेपालहिरुको हित र संरक्षणमा सदैब अग्रपंक्तिमा उभिन हाम्रो निरन्तर कोशिस जारी छ र रहिरहने छ।

२३ अगष्ट २०१९ मा २०१९-२०२१ कार्यकालका लागि मोहम्मद मुक्तदा मुसलमानको नेतृत्वमा निर्बाचित कार्यसमितिले ३१ अगष्ट २०१९ मा सपथ ग्रहण गरेपछि आठौ महाधिबेशनले प्रदान गरेको म्याण्डेट, नेतृत्व छनौटका क्रममा ब्यक्त गरिएको प्रतिबद्धताहरु कार्यन्वयनका साथै कतारमा स्थापित संघ संस्थाहरुको सल्लाह सुझाब एवम् समन्वकारी भुमिकाको नेतृत्व प्रदान गर्दै हाल सम्म कार्यसमितिले गरेका कामहरु सारांशमा यहाहरु समक्ष प्रस्तुत गर्न चाहान्छु।

यस नवौं राष्ट्रिय महाधिबेशन सम्म कार्यसमितिका बैठक ९ वटा, सचिबालयको बैठक २५ वटा, मध्यपुर्व भेला १ वटा, परिषद भेला २ वटा, सामुहिक रक्तदान कार्यक्रम १ वटा, युवा सम्मेलन कार्यक्रम १ वटा, निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम २ वटा, राष्ट्रिय पर्बहरुको शुभकामना आदान-प्रदान कार्यक्रम ३ वटा, संघको स्थापना दिवश कार्यक्रम १ वटा, महिलाहरुको तिज कार्यक्रम १ वटा, साहित्यिक कार्यक्रम १ वटा, सामाजिक सचेतना कार्यक्रम ४ वटा, नेपाल पर्यटन बर्ष २०२० कार्यक्म ३ वटा, कतारको राष्ट्रिय दिबश, फिफा क्लब वर्ड क्लब, गल्फ फुटबल क्लब र आईएफएफ अन्तराष्ट्रिय च्याम्पेयनसिप जस्ता कार्यक्रमहरुमा एनसिसी कतारको तर्फबाट नेपाली कला संस्कृती झल्कने सांस्कृतिक प्रस्तुतीहरु, कतार सरकारको विभिन्न मन्त्रालयहरुबाट आप्राबासी समुदायहरुलाई लक्षित कार्यक्रम हरुमा सहभागी हुदै नेपालि दुताबास कतार र कतारमा स्थापित विभिन्न नेपालि संघ सस्थाहरु संग समन्वय गरि कार्यक्रमहरु आयोजना गर्दै आएको छ।

बिशेषतः यो कार्यकालमा कोभिड–१९ का कारण आक्रान्त बिश्व समुदायका बिच एनसीसी कतारले नेपाली राजदुताबास, कतारमा स्थापित संघसंस्था र सामाजिक अभियन्ताहरु बिच समन्वय गरेर कतारमा रहनुहुने सम्पूर्ण नेपाली समुदायमा हर सम्भब सहयोग गरेको र मुलतः कतारमा कोहि पनि नेपाली भोखै बस्न नपरोस भन्ने उद्धेश्यका साथ अभियानका रुपमा परिचालित भएको थियो र सो लक्ष्य हामिले पुरा गरेको यहाहरुमा अवगत गराउन पाउदा गौरान्वित भएका छौं ।

वर्तमान कार्यसमितिले कतारमा रहेका नेपालि समुदायको लागि परोपकारी कार्यहरु उल्लेखनीय रुपमा गर्दै आएको छ जसको बिस्तृत बिवरण प्रतिबेदनमा क्रमस प्रस्तुत गरिनेछ ।

## क) कार्यसमितिको वैठकहरु :

- **प्रथम कार्यसमितिको बैठक :**

०६ सेप्टेम्बर २०१९ मा सम्पन्न कार्यसमितिको प्रथम बैठक अध्यक्ष श्री मोहम्मद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न कार्युचीमा छलफल गरी निर्णय गरियो ।

**<u>बैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१) आठौं राष्ट्रिय महाधिबेशनको समिक्षा एवम् धन्यबाद ज्ञापनका सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको ३० अगष्ट २०१९ मा सम्पन्न आठौं राष्ट्रिय महाधिवेशन विभिन्न प्राविधिक कठिनाईका बाबजुद पनि सफलताका साथ सम्पन्न भएको र उक्त महाधिवेशनमा सम्बोधन गर्न अतिथीका रुपमा पाल्नु हुने गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरु, निबर्तमान समितिका पदाधिकारी तथा सदस्यहरु, गैरआवासीय नेपाली संघका अग्रज तथा अभियन्ताहरु एवम् पञ्जिकृत सदस्यहरुमा धन्यवाद ज्ञापन गर्दै कार्यसमिति चयनका लागि निर्बाचन समिति, निर्बाचन पर्यबेक्षक, नेपाली राजदुताबास एवम सम्बद्ध सम्पूण अग्रज तथा अभियन्ताहरु साथै पञ्जिकृत सदस्यहरुमा धन्यबाद प्रस्ताब पारित गर्ने निर्णय गरियो ।

**२) निबर्तमान कार्यसमितिबाट बुजबुझारत सम्पतिका सम्बन्धमा ।**

निबर्तमान कार्यसमितिले निर्बाचित कार्यसमितिलाई संस्थागत कागजातहरु राष्ट्रिय महाधिबेशन हलमा नै बुझाईएको भएता पनि सोको बिवरण तयार पार्ने क्रममा रहेकोले सम्पूर्ण बिवरण आउदो बठैकमा प्रस्तुत गर्ने निर्णय गरियो साथै आर्थिक कारोबारमा नगदी कतारी रियाल १६०,६९६/- (अक्षरेपी एक लाख साठ्ठी हजार छ सय छयानब्बे) र श्रमिक कल्याणकारी कोषको कतारि रियाल २४,२१६/- (अक्षरेपी चौबिस हजार दुई सय सोह्) गरी जम्मा कतारि रियाल १८४,९१२/- ( अक्षरेपी एक लाख चौरासी हजार नौ सय बाह्) बुझिलिएको र कार्यक्रम हलका लागि होटलमा बुझाइएको कतारि रियाल २० हजार फिर्ता लिन पर्नेमा कार्यक्रम रद्ध भएको कारणले होटलबाट प्राप्त हुने रकम प्राप्त भए पछि सो रकम पनि कुल मौज्दात रकममा जम्मा गर्ने र सोको जानकारी आउदो बैठकमा सुचित गराउने निर्णय गरियो ।

**३) राष्ट्रिय समन्वय परिषद् कतारको आचार संहिताका सम्बन्धमा ।**

राष्ट्रिय समन्वय परिषद कतारको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, सल्लाहकारहरु विभाग तथा समितिका संयोजक तथा सदस्यहरु सबैमा लागुहुने गरी १७ बुंदे आचार संहिता २०१९–२०२१ सर्बसम्मत पारित गरि आजकै मितिबाट लागुहुने निर्णय गरियो ।

**४) संस्थाको बैंक खाता खोल्ने सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधानको परिच्छेद ८ दफा ३२.१ मा व्यवस्था भए वमोजिम परिषद्को नाममा रहेको रकमको ब्यवश्थापनका लागि निर्बाचित कार्यसमितिका अध्यक्ष, महासचिव र कोषाध्यक्षको संयुक्त नाममा रहने गरी यथासिघ्र वैक खाता खोली संचालन गर्ने र श्रमिक कल्याणकारी कोष संचालनका लागि सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समितिका संयोजक र अध्यक्षका नाममा संयुक्त खाता खोली संचालन गर्ने निर्णय गरियो ।

**५) कार्यसमिति सदस्य मनोनयका सम्बन्धमा ।**

परिषदकोविधानको परिच्छदे – ६ दफा १६ को १६.२ मा व्यवस्था भए वमोजिम कतारको पञ्जिकृत सदस्यहरु बाट कार्यसमिति सदस्यहरुमा ८ जना श्री मदन गुरुङ्ग, श्री शुरेश कुमार मण्डल , श्री मदासिर नजर , श्री दिपक विश्वकर्मा, श्री राजकुमार दर्जी श्री अव्दुल वासिद र श्री शेख अमानुल्लाह लाई सर्बसम्मत मनोनित गरियो ।

**६) सचिवालय गठनका सम्बन्धमा ।**

परिषदको विधानको परिच्छेद–६ दफा १९ को १९.१ मा व्यवस्था भए बमोजिम निर्बाचित कार्यसमिति सदस्यहरु बाट सचिवालय सदस्यहरुमा श्री नरेश श्रेष्ठ र श्री केशवराज कार्कीलाई सर्बसम्मत मनोनयन गर्ने निर्णय गरियो ।

**७) सल्लाहकार समिति गठनका सम्बन्धमा ।**

परिषदको विधानको परिच्छेद–७ दफा २७ को २७.१ मा व्यवस्था भए वमोजिम सल्लाहकार समितिका संयोजकमा विवर्तमान अध्यक्ष श्री नविन पोखेललाई मनोनयन गरियोर बाकी सदस्यहरु आउदो बैठक सम्म मनोनित गरि पुर्णता दिनेनिर्णय गरियो।

**८) प्रवक्ता नियुक्तिका सम्बन्धमा ।**

परिषद्को विधानको परिच्छेद–६ दफा १६.२ को १८ मा ब्यवस्था भए वमोजिम राष्ट्रिय समन्वय परिषद् कतारको प्रवक्तामा निर्बाचित कार्यसमितिका सदस्य श्री ओमवहादुर क्षेत्रीलाई मनोनित गर्ने निर्णय गरियो ।

**९) बिभिन्न समिति तथा उपसमितिहरु गठनका सम्बन्धमा ।**

परिषद्को विधानको परिच्छेद ६ दफा १८ को १८.२ मा ब्यवस्था भए वमोजिम कार्यसमितिले आफ्नो कार्य सम्पादनलाई सहज, क्रियासिल र प्रभाबकारी बनाउनका लागि निम्न अनुसारको उप-समिति तथा विभागका लागि संयोजक चयन गरियो र आउदो बैठकमा संयोजकहरुले आ–आफ्नो बिभाग वा समितिलाई पुर्णता दिन कार्यसमितिमा अनुमोदनका लागि प्रस्ताब गर्ने निर्णय गरियो ।

क) सुरक्षित आप्रवासन तथा श्रमिक कल्याणकारी समिति : संयोजक – श्री उत्तम गुरुङ्ग

ख) संघसंस्था समन्वय समिति : संयोजक – श्री टंक कुमार खडका

ग) सुरक्षा तथा जनचेतना अभिबृद्धि समिति : संयोजक – श्रीमती सरिता भण्डारी

घ) साहित्य तथा प्रकाशन समिति : संयोजक श्री – नियम भुजेल

ङ) खेलकुद तथा अतिरिक्त क्रियाकलाप समिति : संयोजक – श्री अफसर अलि खान

च) आर्थिक समिति : संयोजक – श्री विनोद प्रशाद बस्यौला

सह–संयोजक – श्री मोहम्म्द तानविर रोजा

सदस्य – श्री दिपक भुजेल

छ) महिला विभाग : संयोजक – श्री अम्विका खत्री

ज) युवा विभाग : संयोजक – श्री रबिन मगर

झ) प्रचार प्रसार तथा जनसम्पर्क समिति : संयोजक – श्री ओमवहादुर क्षेत्री

ञ) पर्यटन प्रवर्द्धन समिति : संयोजक – श्री पदम गिरी

ट) संस्कृति तथा कला समिति : संयोजक – श्री मदन गुरुङ्ग

ठ) स्वयम्सेवक तथा अतिथी सत्कार समिति : संयोजक – श्री ज्वाला शाही

ड) सामुहिक लगानी समिति : संयोजक – श्री अव्दुल वासिद

ढ) कुटनितिक समन्वय समिति : संयोजक – श्री मोहम्मद मुक्तदा मुसलमान

**१०) गैरआबाशिय नेपाली संघ, कतारका अभियन्ताहरु संगको भेटघाटका सम्बन्धमा ।**

कतारमा रहनुहुने  संघका अग्रज र अभियन्ताहरु बिच छलफलका लागि २० सेप्टेम्बर, २०१९ मा गर्ने निर्णय गरियो । सो भेटघाट कार्यक्रमको समन्वय गर्न संघसंस्था समन्वय समितिका संयोजकलाई जिम्मा दिने र कार्यक्रमको एजेण्डा र छलफलको बिषय तय गर्न सचिवालयलाई जिम्मा दिने निर्णय गरियो ।

**११) कतारमा स्थापित सम्पुर्ण संघसंस्थाहरु संगको भेटघाटका सम्बन्धमा ।**

कतारमा स्थापित संघसंस्थाहरु बिच छलफल लागि संघसंस्था समन्वय समितिका संयोजकलाई समन्वय गर्नका लागि जिम्मा दिने र भेटघाट कार्यक्रमको मिति र स्थान पछि तोक्ने निर्णय गरियो ।

**१२) कार्यसमितिको २ बर्षको कार्ययोजना र समय तालिकाका सम्बन्धमा ।**

कतारमा रहनुहुने संघका अग्रज र अभियन्ताहरु र कतारमा स्थापित संघसंस्थाहरु बिचको छलफल पछि राष्ट्रिय समन्वय परिषद्को २०१९–२०२१ कार्यकालका लागि कार्ययोजना तयार पारी कार्यसमितिमा पेस गर्न महासचिव श्री पदम गिरीलाई जिम्मा दिने निर्णय गरियो ।

**१३) कार्यसमितिको कार्ययोजना सार्बजनिक गर्न पत्रकार सम्मेलनका सम्बन्धमा ।**

राष्ट्रिय समन्वय परिषद्को २०१९–२०२१ कार्यकालका कार्यसमितिले पारित गर्ने कार्ययोजना पत्रकार सम्मेलन गरि सार्बजनिक गर्न आउदो बैठकले समय तोक्ने निर्णय गरियो ।

**१४) कतारमा हुने बिभिन्न कार्यक्रममा संस्थागत सहभागिताका सम्बन्धमा ।**

कतारमा हुने हरके कार्यक्रमहरुमा संस्थागत सहभागिता जनाउन अध्यक्षले तोक्नेर कार्यसमितिका कुनै पनि सदस्यहरु कुनै कार्यक्रममा संस्थागत उपश्थिती जनाउदा अध्यक्ष वा महासचिबलाई अनिबार्य जानकारी गराउनु पर्ने निर्णय गरियो ।

**१५) पञ्जिकृत सदस्य आबेदन खुल्ला गर्ने सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदको अन्तराष्ट्रिय महाधिबेशन संचालन सम्बन्धि नियमावली, २०१९ को दफा ४ को ४.३ मा व्यवश्था भए बमोजिम राष्ट्रिय समन्वय परिषद कतारको मिति ०६ सेप्टेम्बर २०१९ मा बसेको प्रथम बैठकको निर्णय बमोजिम मिति ०७ सेप्टेम्बर २०१९ देखि १३ सेप्टेम्बर २०१९ सम्म पञ्जिकृत सदस्यता आबेदन खुल्ला गर्ने निर्णय गरियो । सोका लागि अन्तराष्ट्रिय समन्वय परिषद संग सम्पर्क गरि आबेदनका लागि :क्ष्व कथकतभ खोल्न लगाउन अध्यक्ष र महासचिबलाई जिम्मा दिने निर्णय गरियो साथै कथकतभ खुल्ला भएको लगत्तै आबेदनका लागि सार्बजनिक सुचना जारी गर्ने निर्णय गरियो ।

**१६) बिश्व सम्मेलन तथा नवौं राष्ट्रिय महाधिबेशन प्रतिनिधि आव्हानका सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदको नवौं राष्ट्रिय महाधिबशे नमा सहभागि हुनका लागि महाधिबेशन प्रतिनिधी अन्तराष्ट्रिय महाधिबशे न संचालन सम्बन्धि नियमावली, २०१९ को दफा ४ को ४.५ मा व्यवश्था भए बमोजिम राष्ट्रिय समन्वय परिषद कतारले मिति १५ सेप्टेम्बर २०१९ सम्म शुल्क सहित अन्तराष्ट्रिय समन्वय परिषद्मा पठाई सक्नु पर्ने भएकोले मिति १३ सेप्टेम्बर २०१९ सम्म सहभागि हुन ईच्छुक पञ्जिकृत सदस्यहरुलाई सार्बजनिक सुचना मार्फत आजकै मितिमा सुचना जारी गर्ने निर्णय गरियो ।

**१७) कतार अवश्थित नेपाली दुताबासमा भेटघाट तथा जानकारी गराउने सम्बन्धमा ।**

नबनिर्बाचित कार्यसमितिले नेपाली दुताबासलाई निर्बाचित कार्यसमितिका बारेमा आधिकारीक जानकारी गराउनका लागि महासचिबले कार्यसमितिका सबैको समय मिलाई जानकारी गराउने र नेपाली दुताबासमा सकेसम्म सबैको उपश्थिती जनाउने निर्णय गरियो ।

**१८) कार्यसमितिको नियमित बैठकका सम्बन्धमा ।**

परिषद्को विधानको परिच्छेद–६ दफा २० को २०.१ मा व्यवस्था भए वमोजिम कार्यसमितिको वैठक हरेक २ महिनामा एकपल्ट महिनाको पहिलो शुक्रवार विहान वस्ने निर्णय गरियो ।

**१९) कार्यसमिति सदस्यहरुको मासिक लेबिका सम्बन्धमा ।**

कार्यसमितिका सम्पुर्ण पदाधिकारी तथा सदस्यहरुले मासिक ले.वी कतारी रियाल २०/- बुझाउने निर्णय गरियो ।

**२०) बिबिध ।**

**क) कार्यालय स्थापनाका सम्बन्धमा ।**

परिषद्को कार्यालय हालका लागि अध्यक्ष श्री मोहम्मद मुक्तदा मुसलमानको कार्यालय भवन, नज्मामा रहने निर्णय गरीयो ।

➢ **<u>दोश्रो कार्यसमितिको बैठक :</u>**

मिति ०६ डिसेम्बर २०१९ तारिक शुक्रबार गैरआवसिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको दोश्रो नियमित बैठक अध्यक्ष श्री मोहम्मद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न कार्युचीमा छलफल गरी निर्णय गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१) एनसीसी कतारको लेखासमिति सदस्य पुरोषोत्तम लामिछाने ज्युको ममतामयी माताको निधन प्रती शोक प्रस्तावका सम्बन्धमा ।**

एनसिसि कतारको लेखा समिती सदस्य श्री पुरुशोत्तम लामिछानेको ममतामयी आमा स्वर्गीय निलमाया लामिछाने ज्युको मिति २०७६ कार्तिक ३० गते भएको असमाहिक निधन प्रती दुख व्यक्त गर्दे हार्दिक श्रद्धाञ्जली ज्ञापन गरियो । शोकाकुल परीवारजनमा गहिरो समबेदना व्यक्त गर्दे एक मिनेट मौन धारण गरि मृतआत्माको चीर शान्तिको कामना सहित शोक प्रस्ताब पारित गरियो ।

**२) सचिबालय बैठको निर्णयद्वारा गरिएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।**

विभिन्न समयमा बसेको सचिवालय बैठकले गरेका निर्णयहरुलाई सर्बसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

**३) एनसीसी कतारको अधिबेशनबाट निबार्चित तथा पहिलो बैठकद्वारा मनोनित सदस्य ज्युहरु लाई सपथ सम्बन्धमा ।**

एनसिसि कतारको अधिबेशनबाट निबार्चित लेखा समिति संयोजक र एनसिसिको पहिलो बैठकबाट मनोनित हुनु भएका निम्न कार्यसमिति सदस्य ज्युहरुलाई संस्थाको पद तथा गोपनियताको सपथ सस्थाका अध्यक्षद्वारा सम्पन्न गरियो ।

**लेखा समिति संयोजक :** मुखतार आलम

**कार्यसमिति सदस्यहरु :**

क) ललित कुमार तामाङ्ग

ख) मदन गुरुङ्ग

ग) सुरेश कुमार मन्डल

घ) मदसिर नजर

ङ) राजकुमार दर्जी

च) शेख अमानुल्लाह

**४) एनसीसी कतारको सल्लाहकार समितिलाई पुर्णता दिने सम्बन्धमा ।**

एनसिसि कतारको सल्लाहकार समितीलाई पुर्णता दिन देहाय बमोजिमका सल्लाहकारहरु चयन गरियो र बाकी २ जना सल्लाहकार आगामी सचिवालयको बैठक बाट चयन गर्ने निर्णय गरियो ।

क) चानक पोखेल

ख) मोहमद अजिज अलि

ग) रकमध्वज राई

घ) शिव कुमार भुजेल

ङ) रमजान अलि

च) मनिष यादव

छ) सरिता गुरुङ्ग

ज) चुडामणि कार्की

झ) क्रान्ती सिह

ञ) प्रेम बिक

**५) एनसीसी कतारको पहिलो बैठकद्वारा गठित उपसमितिहरुलाई पुर्णता दिने सम्बन्धमा ।**

विभिन्न गठित उपसमितिहरुलाई पुर्णता दिन आगामी बैठक सम्म सम्पुर्ण उपसमितिहरुका सदस्यहरुको नामवली सहित आ-आफ्नो बिभागहरुलाई पुर्णता दिने निर्णय गरियो ।

**<u>पुर्णता पाएका उप-समितिहरु :</u>**

**१. सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समिति :**

संयोजक : उतम गुरुङ्ग (प्रथम उपाध्यक्ष )

सह-संयोजक : संजय रजक

सदस्य : नियम भुजेल

सदस्य : बालकृष्ण न्यौपाने

सदस्य : सुनिल कुमार घिमिरे

सदस्य : सन्दिप भट्टराई

सदस्य : नवराज श्रेष्ठ

सदस्य : राम हमाल

सदस्य : शिव बहादुर वि.क.

सदस्य : टेक बहादुर भारती

**२. संघ-संस्था समन्वय समिति :**

संयोजक : टंक कुमार खड्का (द्धितिय उपाध्यक्ष)

सह-संयोजक : केशव खनाल

सदस्य : झविन्द्र आचार्य

सदस्य : प्रेम चलाउने

सदस्य : रुद्र शर्मा

सदस्य : कृष्ण पन्थी

सदस्य : नारायण ढुङगाना

सदस्य : सागर लिम्बु

सदस्य : लोक बहादुर राई

**३. सुरक्षा तथा जनचेतना अभिवृद्धि समिति :**

संयोजक : सरिता भण्डारी पौडेल (महिला उपाध्यक्ष)

सह-संयोजक : बुद्धि प्रसाद भण्डारी

सदस्य : अमिना खान

सदस्य : ललित कुमार तामाङ

सदस्य : नानु घले

सदस्य : धर्म सिंह वि.क.

सदस्य : सविन्द्र श्रेष्ठ

सदस्य : दुर्गा प्याकुरेल

सदस्य : काजिमान राई

**४. पर्यटन प्रवर्द्धन समिति :**

संयोजक : पदम गिरि (महासचिव)

सह-संयोजक : सेवक घतानी

सदस्य : सन्तोष रेग्मी

सदस्य : टेक बहादुर विश्वकर्मा

सदस्य : रघुनाथ शर्मा

सदस्य : राजेन्द्र खनाल

**५. एनसीसीको २ बर्ष क्यालेन्डर सार्बजनिक गर्ने सम्बन्धमा ।**

एनसिसि कतारको २ बर्षको कार्ययोजनाका सम्बन्धमा मिति ५ डिसेम्बर २०१९ मा कतारमा स्थापित संघ-सस्थाहरु बीच भएको छलफल र एनसिसि कतारको कार्यसमिति पदाधिकारी तथा सदस्य ज्युहरुबात प्राप्त सल्लाह सुझाब अनुसार तयार गर्ने निर्णय गरियो ।

**६. एनसीसी कतारको बितरण गर्न बाकी रहेका परिषद सदस्यता परिचयपत्र सम्बन्धमा।**

एनसिसि कतारले ३ पटक पन्जिकृत सदस्यता कार्ड बितरण गरि सकेको र बाकी रहेका पञ्जिकृत सदस्य कार्ड अन्तिम पटक सुचना जारी गरि बितरण गरिने र बाकी रहेका सदस्य कार्ड एनसिसि कार्यलयबाट बितरण गरिने निर्णय गरियो ।

**७) बिबिध :**

क) यहि आउदो १८ डिसेम्बर, २०१९ का दिन कतारको राष्ट्रिय दिवस मनाउने सम्बन्धमा एनसिसि कतारका सांस्कृतिक तथा कला उपसमितिका संयोजक मदन गुरुङ्गज्यु सहतिका कलाकारहरुलाइ एनसिसिको तर्फबाट सहजीकरणको भुमिका खेल्नेगरि देहाय बमोजिमका पदाधिकारी एवं सदस्यहरु परिचालन हुने निर्णय गरियो ।

**१. एसिएन टाउन :**

क. सरिता भण्डारी

ख. गजेन्द्र राई

ग. ललित तामाङ

**२. बर्वा अल बराह :**

क. नियम भुजेल

ख. मुखतार आलम

ग. ज्वाला शाहि

**३. अलखोर :**

क. टंक कुमार खड्का

ख. केशव कार्की

ग. गोपाल खतिवडा

**४. साहनिया :**

क. बिनोद बसौला

ख. मदन गुरुङ्ग

ग. रजिक शेख

घ. भाइकाजी गुरुङ्ग

**५. अक्वा पार्क लेबर भिलेज** :

क. सन्तोष क्षेत्री

ख. सेवक विक

ग. झविन्द्र आचार्य

**६. लेबर सिटि** :

क. तनविर आलम

ख. संजय रजक

ग. राजु राई

घ. मदासि आलम

ख) एनसिसि कतारको आइसिसी संग संस्थागत समन्वय गरी एनसिसि र आइसिसीको सम्बन्ध थप मजबुत र प्रभावकारी बनाउन एनसिसि कतारको तर्फबाट आइसिसि सदस्य श्री रमेस भट्टलाई जिम्मेवारी दिने निर्णय गरियो ।

ग) एनसिसि कतारको पहिलो बैठकले कार्यसमिति सदस्यमा मनोनित गरेका सदस्य श्री अब्दुल वासिद ज्यु आˆनो व्यक्तिगत कारण समितिमा रहेर काम गर्न नसक्ने जानकारी सहित आएको राजिनामा पत्रलाई स्वीकृत गर्ने निर्णय गरियो ।

➤ **तेश्रो कार्यसमितिको बैठक :**

मिति ०७ फेबुव्री, २०२० तारिक शुक्रबार गैर आवसिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको तश्रो नियमित बठैक निम्न कार्यसुची छलफल र निर्णय गरि सम्पन्न भयो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) एनसीसी कतारको पहिलो बैठकद्वारा मनोनित सदस्यलाई पद तथा गोपनियताको सपथ सम्बन्धमा ।**

एनसीसी कतारको पहिलो बैठकद्वारा मनोनित सदस्य श्री दिपक बिश्वकर्मा ज्युलाई पद तथा गोपनियताको सपथ ग्रहण सम्पन्न गरियो ।

**२) एनसीसी कतारमा मनोनित सल्लाहकार ज्युहरुलाई (२०१९(२०२१) कार्यकालका लागि जारि गरिएको आचारसंहितामा हस्ताक्षर सम्बन्धमा ।**

एनसीसी कतार द्वारा जारी गरिएको २०१९(२०२१ कार्यकालको आचारसंहिता सल्लाहकार ज्युहरुकोहकमा इमेल माफर्त पत्राचार गरिन निर्णय गरियो ।

**३) एनसीसी कतारको चौथो,पाचौ, छैठौ र सातौ सचिबालय बैठकका निर्णय अनुमोदनका सम्बन्धमा ।**

चौथो, पांचौ, छैटौं र सातौं सचिबालय बठैकमा निर्णय गरिएका एजेन्डाहरु लाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**४) एनसीसी कतारको रिक्त रहेको कार्यसमिति सदस्य पदपूर्ति सम्बन्धमा ।**

एनसीसी को रिक्त रहेको कार्यसमिति सदस्य पदमा सर्बसम्मत रुपमा अर्सद हुसेन मु लाई मनोनित गरियो ।

**५) एनसीसी कतारको पहिलो बैठकद्वारा गठित उपसमितिहरुलाई पुर्णता दिनेसम्बन्धमा ।**

एनसीसी कतारको पहिलो कार्यसमितिको बैठक द्वारा गठित उपसमितिहरु लाई पुर्णता दिने सम्बन्धमा विभागीय प्रमुख द्वारा प्रस्तुत निम्न उपसमितिहरुको पुर्णता दिने निर्णय गरियो ।

**क) पर्यटन प्रवर्द्धन समिति : संयोजक :** पदम गिरी, सह-संयोजक सेवक घतानी, सदस्यहरु : सन्तोष रेग्मी, टेक बहादुर विश्मकर्मा,रघुनाथ शर्मा,राजेन्द्र खनाल,बिजय बिक्रम बस्नेत ।

**ख) खेलकुद समिति : संयोजक -** अफसर अलि खान, सदस्यहरु : आलम बऽे, गफुर अहमद, पिंकल सुब्बा लिम्बु, नैखर आजम, सुचित्रा शर्मा, परवेज नवाज, सद्दाम हुसेन, अख्तर अलि खान , साकिर आलम ।

**ग) युवा बिभाग : संयोजक :** रबिन थापा मगर, सह-संयोजक: गणेश ढकाल, सदस्यहरु: दिल कुमार सुबेदी, पदम प्रसाद सिम्खडा, पदम बहादुर रानाभाट, मन्दिप राई, सारुक सुन्दास ।

**घ) साहित्य बिभाग : संयोजक :** नियम भुजेल, सह-संयोजक खेमराज सुबेदी, सदस्यहरु : लिलानाथ घिमिरे, चक्र कार्की, यादब रेग्मी, नारायण निर्जल भण्डारी, सावित्रा गिरी ।

**ङ) स्वयंम सेबक बिभाग : संयोजक :** ज्वाला शाही, सह-संयोजक अमित गौतम सदस्यहरु : अमित गौतम, खिम राना मगर, भिम तरामु मगर, राजेन्ऽ पान्डे, रामु बेलबासे, नारायण खपाङ्गी मगर ।

**च) महिला बिभाग : संयोज : अम्बिका खत्री, सदस्यहरु :** संध्या अर्याल, इन्दिरा शाह

**६) एनसीसीको २ बर्ष कार्ययोजना / क्यालेन्डर सार्बजनिक गर्ने सम्बन्धमा ।**

बैठकमा प्रस्तावित एनसीसी कतारको २ बर्ष क्यालेन्डर पूर्ण सहमतिका साथ पारित गरियो ।

**७) एनसीसी कतारको आर्थिक नियमावली २०१७ संसोधन सम्बन्धमा ।**

- आर्थिक नियमावली २०१७ संसोधन लाई पूर्ण सहमतिका साथ पारित गरियो ।

**८) बिबिध ।**

**क) बधाई तथा शुभकामना सम्बन्धमा**

एनसीसी कतारका अध्यक्ष श्री क्रान्ति सिंह नेपाल पत्रकार महासंघको आचार संहिता विभागको केन्द्रीय सदस्यमा, नेपाली ब्यवशायी संघ कतारको प्रथम अधिबेसन बाट आईसीसी सदस्य श्री रमेश भट्ट-महासचिब, एनसीसी सदस्य श्री सुनिल कुमार घिमिरे-सचिब, एनसीसी सल्लाहकार श्री चुडामणि कार्की-कोषाध्यक्ष, आइसीसी सदस्य श्री अब्दुल बसिद- सह-कोषाध्यक्ष, एनसीसी सदस्य श्री बालकृष्ण न्यौपाने-सदस्यमा चयन हुनुभएको साथै एनसीसी सल्लाहाकार श्री चानक पोखेल प्रबासी नेपाली एकता मंचको-अध्यक्षमा हुनुभएकोमा हार्दिक बधाई तथा कार्यसफलताको शुभकामना प्रस्ताब पारित गरियो ।

**ख) एनसीसी कतारले कतारको कर्निचमा सम्पन्न गरेको भ्रमण वर्ष २०२० को परेड सम्बन्धमा**

एनसीसी कतारले कतारको कर्निचमा सम्पन्न गरेको भ्रमण वर्ष २०२० को परेड सफलता पुर्बक सम्पन्न भएको र ३० जनवरी २०२० मा कतारको सरकारको सम्बन्धित बिभागबाट सम्पन सुरक्षा सचेतना कार्यक्रम भब्यताका साथ सम्पन्न भएको निर्णय गरियो ।

**ग) नेपालमा हनु गैरहेको मुस्लिम समुदायको प्रवचन कार्यक्रममा सम्बन्धमा :**

नेपालमा हनु गैरहेको मुस्लिम समुदायको प्रबचन कार्यक्रममा कसरि सहयोग गर्न सकिन्छ भन्ने बारे सचिबालयमा छलफल गर्ने निर्णय गरियो ।

## ➢ चौथो कार्यसमितिको बैठक :

मिति १७ जुलाई २०२० सुक्रबारका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको चौथो पूर्ण बैठक अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा भर्चुअल जुम अनलाइन मार्फत कार्यसुची माथी छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) आईसीसी मध्यपुर्ब युवा संयोजक राज रेग्मी ज्युको बुवाको निधनमा शोक प्रस्ताबका सम्बन्धमा ।**

एनसीसी कतारको चौथो कार्यसमिति बैठकद्वारा आईसीसी मध्यपुर्ब युवा संयोजक राज रेग्मी ज्युको बुवाको असयामिक निधनप्रती दुख ब्यक्त गर्दै मृत आत्माको चिर शान्तिको कामना र हार्दिक श्रद्धाञ्जली एवम् शोक सन्तप्त परिवारमा हार्दिक समबेदना ब्यक्त सहित शोक प्रस्ताब पारित गरियो ।

**२) एनसीसी कतारको नवौ, दशौं र एघारौं सचिबालय बैठकले गरेका निर्णयहरु अनुमोदनका सम्बन्धमा ।**

नवौ, दशौं र एघारौं सचिबालय बठैकमा निर्णय गरिएका एजेन्डाहरु लाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**३) एनसीसी कतारको दोश्रो परिषद्भेला (बार्षिक भेला) का सम्बन्धमा ।**

एनसीसी कतारको दोस्रो परिषद् भेला (बार्षिक भेला)का सम्बन्धमा ब्यापक छलफल गर्दा एनसीसी कतारको बिधानको परिच्छेद ६ को दफा १३ को उपदफा १३.२ मा ब्यवस्था भए बमोजिम प्रथम परिषद् भेलाको एक बर्ष भित्र दोश्रो परिषद् भेला (बार्षिक भेला) सम्पन्न गर्नुपर्ने र कार्यसमितिले सार्बजनिक गरेको २०१९-२०२१ कार्यकालको क्यालेन्डरमा २१ अगस्ट २०२० मा तय गरिएको भएता पनि हाल बिश्वभरी महामारिको रुपमा फैलिएको कोभिड-१९ र यसको प्रभावबाट सिर्जित बिषम परिस्थितिका साथै कतार सरकारले जारी गरेको सार्बजनिक निर्देशनका आधारमा उक्त निर्धारित समयमा परिषद् भेला सम्पन्न गर्न समय अनुकुल नभएको निर्णय गर्दै आउदो डिसेम्बर २०२० भित्र सम्पन्न गर्ने गरि अर्को सुचना जारी नभए सम्मका लागि हाललाई दोश्रो परिषद् भेला (बार्षिक भेला) स्थगनका लागि सार्बजनिक सुचना जारि गर्ने निर्णय गरियो ।

## ➢ पाचौ कार्यसमितिको बैठक :

मिति ०९ अक्टोबर, २०२० शुक्रबारका दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको पाचौ पुर्ण बैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा भर्चुअल अनलाईन जुम मार्फत निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) एनसीसी कतारको १२ औं देखि १७ औं सचिवालय बैठकले गरेका निर्णयहरुको अनुमोदनका सम्बन्धमा ।**

- १२ औं देखि १७ औं सचिबालय बैठकमा निर्णय गरिएका एजेन्डाहरुलाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**२) एनसीसी कतारको संयोजकत्वमा निर्मित स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा राहत समिती-२०२० को कार्यसम्पादन तथा समिक्षा सम्बन्धमा ।**

एनसीसी कतारको संयोजकत्वमा निर्मित स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा राहत समिती-२०२० को कार्यसम्पादन सफलता पुर्बक सम्पन्न भएको सर्बसम्मत समिक्षा सहित सम्बद्ध समितिलाई धन्यवाद दिदै यस कार्यक्रमलाई निरंतरता दिने निर्णय गरियो ।

➢ **छैठौ कार्यसमितिको बैठक :**

मिति ०४ डिसेम्बर २०२० शुक्रबारका दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको छठौ पुर्ण बैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा भर्चुअल अनलाईन जुम मार्फत निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) एनसीसी कतारको १८ औं र १९ औं सचिवालय बैठकले गरेका निर्णयहरुको अनुमोदनका सम्बन्धमा ।**

➢ १८ औं र १९ औं सचिबालय बैठकमा निर्णय गरिएका एजेन्डाहरुलाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**२) एनसीसी कतारको दोश्रो परिषद् भेला सम्बन्धमा ।**

➢ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतारको बिधानको परिच्छेद ६ को दफा १३ को उपदफा १३.२ मा व्यवश्था भए बमोजिम दोश्रो परिषद् भेला (बार्षिक भेला) तल उल्लेखित मिति ११ डिसेम्बर २०२०, शुक्रबारका दिन श्यक प्रबिधि मार्फत आयोजना गरिने निर्णय गरियो ।

**२) एनसीसी कतारको दोश्रो परिषद् भेलामा प्रस्तुत गरिने प्रतिबेदन सम्बन्धमा ।**

➢ प्रस्ताब नम्बर २ मा प्रस्तावित एनसीसी कतारको दोश्रो परिषद् भेलामा प्रस्तुत गरिने प्रतिबेदन सम्बन्धमा बृहत छलफल गर्दा महासचिब द्वारा तयार पारि कार्यसमितिमा प्रस्तुत प्रतिबेदन सर्बसम्मत पारित गरियो ।

**३) एनसीसी कतारको दोश्रो परिषद् भेलामा प्रस्तुत गरिने आर्थिक प्रतिबेदन सम्बन्धमा ।**

➢ प्रस्ताब नम्बर **३** मा प्रस्तावित एनसीसी कतारको दोश्रो परिषद् भेलामा प्रस्तुत गरिने आर्थिक प्रतिबेदन सम्बन्धमा बृहत छलफल गर्दा कोषाध्यक्ष द्वारा तयार पारि कार्यसमितिमा प्रस्तुत आर्थिक प्रतिबेदन सर्बसम्मत पारित गरियो ।

**४) एनआरएनए मध्येपूर्व संयोजक प्रविण गुरुङ ज्यु सित सम्बन्धित नेपालि कलाकारहरुको भिडियो समाचार सम्बन्धमा ।**

➢ प्रस्ताब नम्बर ३ मा प्रस्तावित मध्येपूर्व संयोजक प्रविण गुरुङ ज्यु सित सम्बन्धित नेपालि कलाकारहरुको भिडियो समाचार सम्बन्धमा बृहत छलफल मिति १२ नोभेम्बर २०२० का दिन आर्टिस्ट खबर युटुब च्यानल मार्फत सम्प्रेसण भिडियोमा कतारमा कार्यरत नेपालि गायिकाहरु र डान्सर नेपालि चेलीहरु नेपाल पुगेपछी भिडियो मार्फत दिनु भएको अभिव्यक्ती र त्यसको सत्यतथ्य छानविन गरि सो को जानकारी गराउनका लागि गैरआवासीय नेपालि संघ राष्ट्रिय समन्वय परिषद्कतार द्वारा १४ नोभेम्बर २०२० का दिन गठित एनसीसी कतारको प्रथम उपाध्यक्ष तथा श्रमिक बिभाग संयोजक उत्तम गुरुङ ज्युको संयोजकत्वमा महासचिब पदम गिरी र सचिब अफसर अलि खान सदस्य रहेकोछानबिन समितिले १५ नोभेम्बर २०२० का दिनं गैरआवसिय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषदका गल्फ संयोजक श्री प्रविन गुरुङ्ग ज्यू समक्ष आवश्यक सोधनी कार्य सम्पन्न गरि ०३ डिसेम्बर २०२० मा एनसीसी सचिवालयमा पेस गरेको प्रतिबेदन र २९ नोभेम्बर २०२० मा

दुवै पक्षको मिलापत्रको प्राप्त पत्र अनुसार ०४ डिसेम्बर २०२० को एनसीसी कतारको छैठौ पुर्ण वैठक द्वारा प्राप्त मिलापत्र र छानबिन समितिको प्रतिबेदन उपर छलफल गरि यो घटना आपसी समझदारीमा काम गर्ने कामदार र रोजगारदाता विच लिखित सहमतिमा समस्याको समधान भैसकेको जानकारी प्राप्त भएकाले छानबिन समितिको प्रतिबेदन अनुमोदन गरि यो घटना सम्बन्धि प्राप्त पत्र र छानबिन समितिको प्रतिबेदन सहित संलग्न गरि गैरआवसिय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद अनुशासन विभाग लाई पठाइने निर्णय गरियो ।

➢ **सातौ कार्यसमितिको बैठक :**

मिति १९ फेब्रुअरी २०२१ शुक्रबारका दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको सातौ पुर्ण वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा भर्चुअल अनलाईन जुम मार्फत निम्न उल्लेखित उपस्थिति र कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु**

**१) २० औ सचिबालय बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।**

➢ एनसीसी कतारको २० औं सचिबालय बैठकमा निर्णय गरिएका एजेन्डाहरुलाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**२) एनसिसी कतारले सम्पन्न गरेको दोस्रो परिषद भेला, श्रमिक सम्बन्धि सचेतना कार्यक्रम र एसियन मेडिकलमा गरिएको निशुल्क परिक्षण कार्यक्रमको समीक्षा सम्बन्धमा ।**

➢ प्रस्ताब नम्बर १ माथी बृहत छलफल गर्दा प्रस्ताब नम्बर १ माथी बृहत् छलफल गर्दा मिति ११ डिसेम्बर, २०२० मा सम्पन्न एनसीसी कतारको दोस्रो परिषद भेला अर्थात बार्सिक भेला नेपाली राजदूत महामहिम डा नारदनाथ भारद्वाज ज्युको प्रमुख आथित्यमा नेपाली दूतावासको सभाहल बाट अनलाईन जुम मार्फत भएको ७ औ कार्यसमिति बैठकमा समिक्षा गरियो ।१८ डिसेम्बर, २०२०मा एनसीसी कतारको समन्वयमा कान्तिपुर मेडिकल सेन्टर र मिति २२ जनवरी २०२१ देखि २८ जनवरी २०२१ मा सम्पन एसियन मेडिकलमा सम्पन्न निशुल्क स्वास्थ्य परिक्षणमा अधिकतम नेपाली श्रमिकहरु सहभागी भैइ स्वास्थ्य लाभ गरेको र उक्त कार्यक्रम भब्य र सब्य रुपमा सफल बनाउ प्रत्यक्ष या अप्रत्यक्ष सहयोग गर्ने सबैलाई धन्यवाद दिदै कार्यक्रम उत्कृष्ट भएको समिक्षा गरियो । मिति २९ जनवरी २०२१ मा एनसीसी कतारको संयोजन र कतार सरकारको मन्तालयको समन्वयमा सम्पन्न श्रमिक सचेतना कार्यक्रम उल्लेखनीय नेपाली संघ सस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता, नेपाली दूतावास कतारको प्रमुख आतिथ्यता र कतार सरकारको सम्बन्धि निकायका अधिकारीहरुको उपस्थितिमा भब्य रुपमा सम्पन्न भएको कार्यसमिति बैठकद्वारा समिक्षा गरियो ।

**३) स्थगन गरिएको युवा सम्मेल सम्बन्धमा ।**

➢ प्रस्ताब नम्बर २ माथी बृहत् छलफल गर्दा एनसीसी कतारको सचिबालय बैठक द्वारा स्थगन गरिएको एनसीसी युवा बिभागको रास्ट्रीय युवा सम्मेलन ५ मार्च २०२१ शुक्रबारका दिन जुम अनलाईन मार्फत गरिने निर्णय गरियो ।

**४) दूतावासमा रहेको एनसीसीको राहत सामाग्री सम्बन्धमा ।**

➢ प्रस्ताब नम्बर ३ माथी बृहत् छलफल गर्दा नेपाली दूतावासमा भणडारण गरिएको एनसीसी कतारको राहत सामाग्रीहरुको म्याद चेकजाच गरि समस्यामा परेका श्रमिकहरुलाई यथासिघ्र बितरण गरिने निर्णय गरियो र मौजुदा रहेको सामाग्रीको उपयोग गर्न लाएक मिति नजिकिदै गरेको हुनाले आम्सिक रुपमा समस्यामा परेका श्रमिकहरुलाई भए पनि बितरण गरि खेर जानबाट जोगाउने निर्णय गरियो ।

**५) एनसीसी कतार द्वारा प्रदान गरिने पत्रकारिता र साहित्यिक पुरस्कार सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ४ माथी बृहत् छलफल गर्दा बिगतदेखि एनसीसी कतारले हरेक कार्यकालमा प्रदान गर्ने पत्रकारिता तथा साहित्यिक पुरस्कारका लागि एनसीसीको नियमावली बमोजिम निम्नानुसारको पुरस्कार छनौट समिती बनाई आवस्यक गृहकार्य गरिने निर्णय गरियो ।

**<u>पत्रकारिता पुरस्कार छनौट समिती</u>**

संयोजक - मोहम्मद मुक्तदा मुसलमान
सदस्य सचिब - ओम बहादुर क्षेत्री
सदस्य - करिम बकस मिया
सदस्य - थम कुमार गिरी
सदस्य - राजिक शेख

**साहित्यिक पुरस्कार छनौट समिती**

संयोजक - मोहम्मद मुक्तदा मुसलमान
सदस्य सचिब - ओम बहादुर क्षेत्री
सदस्य - नियम भुजेल
सदस्य - सिताराम थापा
सदस्य - चक्र कार्की

**६) स्वास्थ्य तथा खेलकुद पुरस्कारको ब्यवस्था तथा यसका लागि नियमावली बनाउने सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ५ माथी बृहत् छलफल गर्दा एनसीसी कतार द्वारा यो कार्यकालमा लागू हुने गरि हरेक कार्यकलमा कतारमा रहेका नेपालिहरुबाट स्वास्थ्य र खेलकुद क्षेत्रमा नेपाली समुदायमा पुर्याएको योगदानको उच्च मुल्यांकन गर्दै स्वास्थ्य र खेलकुद गरि २ वटा पुरस्कार प्रदान गरिने निर्णय गरियो। यो पुरस्कार सम्बन्धी नियमावली तयार गर्नका लागि निम्नानुसारको समिती निर्माण गरिने निर्णय गरियो ।

सम्योजक - उत्तम गुरुङ्ग
सदस्य सचिब - पदम गिरी
सदस्य - अफसर अलि खान
सदस्य - रबिन मगर
सदस्य - नरेश श्रेष्ठ

**७) बिबिध**

- प्रस्ताब नम्बर ६ बिबिध अन्तर्गत बृहत छलफल गर्दा क्ष्क्ष्ब ऋजकष्यलकजष्ठ ७ त्तबतबच ल्बतष्यलबा म्बथ मा कतारमा रहेका विभिन्न समुदायहरुले प्रस्तुत गरेको सास्कृतिक प्रस्तुतुहरुमा एनसीसी कतारको प्रतिनिधित्व गरि सास्कृतिक प्रस्तुति दिने सम्पूर्ण कलाकारहरुको सस्थाहरुलाई उपयुक्त समय मिलाई एक कार्यक्रमको आयोजना गरि कलाकार पारिश्रमिक दिने निर्णय गरियो ।

- **<u>आठौं कार्यसमितिको बैठक :</u>**

मिति २ अप्रिल २०२१ शुक्रबारका दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको आठौं पुर्ण वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा भर्चुअल अनलाईन जुम मार्फत निम्न उल्लेखित उपस्थिति र कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु</u>**

**१) एक्काइसौं सचिबालय बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।**

- एनसीसी कतारको एक्काइसौं सचिबालय बैठकमा निर्णय गरिएका एजेन्डाहरुलाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**२) एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद भेला सम्बन्धमा ।**

- प्रस्ताब नम्बर २ मा प्रस्तावित प्रस्ताव माथी बृहत् छलफल गर्दा गैर आवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको बिधान -२००३ को नबौ संसोधन को परिच्छेद ६ को १३ मा ब्यवस्था गरिए अनुसार राष्ट्रिय महाधिवेशन भन्दा ३ महिना पहिले तेस्रो तथा अन्तिम परिषद भेला गर्नुपर्ने र आईसीसीको विशेष महाधिवेशनबाट जारी नियमावली अनुसार सबै एनसीसीले जुलाई ३१ भित्रमा आफ्नो अधिबेशन गर्न पर्ने निर्देशन अनुसार आउदो अप्रिल २३ तारिखका दिन एनसीसी कतारको तेश्रो तथा अन्तिम परिषद भेलाको आयोजना गर्ने सर्बसम्मत निर्णय गरियो ।

**३) बिधान संसोधन समितिको गठन सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ३ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको नबौ संसोधन बिधानको परिच्छेद १० को ३६ मा ब्यवस्था बमोजिम बिधानमा केही संसोधन आवस्यक परेमा कार्यसमिति बाट बिधान संसोधोन समिति गठन गर्नुपर्ने भएकाले एनसीसी कतारको बिधान २००३ लाई १० औ संसोधनका लागि निम्नानुसार बिधान संसोधोन समिती मनोनीत गर्ने निर्णय गरियो ।

१) श्री क्रान्ति सिंह - संयोजक
२) श्री ध्रुबराज अधिकारी - सदस्य
३) श्री भेषराज पराजुली - सदस्य
४) श्री हिराधन राई - सदस्य
५) श्री जैबि चाम्लिङ राई - सदस्य

**४) आर्थिक प्रतिबेदनको तयारि र लेखा समिती बाट अनुमोदन गर्ने सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ४ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको तेश्रो तथा अन्तिम परिषद भेलामा प्रस्तुत हुने आर्थिक प्रतिबेदन कोषाध्यक्षद्वारा तयार गरि लेखा समितिबाट लेखापरिक्षण गराई एनसीसी, कतारको अन्तिम कार्यसमिति बैठकबाट अनुमोदन गराई परिषद भेलामा प्रस्तुत गर्ने निर्णय गरियो साथै कार्यसमितिको लेबि संकलनमा कोषाध्यक्षलाई सहज बनाउनका लागि कार्यसमिति सदस्यहरु सेवक घतानी र बालकृष्ण न्यौपाने ज्युद्वारा सहयोग गर्ने निर्णय गरियो ।

**५) एनसीसी कतारको साङ्गठनिक प्रतिबेदन तयार गर्ने सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ५ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको तेश्रो तथा अन्तिम परिषद भेलामा प्रस्तुत हुने प्रगति प्रतिबेदन महासचिवद्वारा तयार गरि एनसीसीको अन्तिम कार्यसमिति बैठकबाट अनुमोदन गराई परिषद भेलामा प्रस्तुत गर्ने निर्णय गरियो साथै प्रतिबेदन तयार गर्न सचिबद्वय नियम भुजेल र अफसर अलि खानले महासचिवलाई आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**६) एनसीसी कतारको बिभागिय प्रतिबेदनहरु तयार गर्ने सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ६ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको बिभागिय प्रतिबेदन बिभागिय संयोजकहरुद्वारा तयार गरि एनसीसीको अन्तिम कार्यसमिति बैठकबाट अनुमोदन गराई परिषद भेलामा प्रस्तुत गरिने निर्णय गरियो ।

**७) एनसीसी कतारद्वारा प्रदान गरिने विभिन्न प्रशंसा, कदर र सम्मान पत्र तयार गर्न समिती बनाउने सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ७ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारद्वारा प्रदान गरिने विभिन्न प्रशंसा, कदर र सम्मान पत्र तयार गर्नका लागि एनसीसी अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको संयोजकत्वमा प्रथम उपाध्यक्ष र महासचिव रहने गरि ३ सदस्यीय समिति बनाई प्रशंसा, कदर र सम्मान पत्र प्रदान गरिने नामावली एनसीसीको अन्तिम कार्यसमिति बैठकबाट अनुमोदन गराई परिषद भेलामा प्रस्तुत गरिने निर्णय गरियो ।

**८) एनसीसी कतार द्वारा प्रदान गरिने स्वास्थ्य तथा खेलकुद पुरस्कारको नियमावली अनुमोदन सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ८ मा प्रस्तावित प्रस्ताव माथी बृहत् छलफल गर्दा यसै कार्यकाल बाट एनसीसी कतार द्वारा प्रदान गरिने स्वास्थ्य तथा खेलकुद पुरस्कारको नियमावली तयारका लागि सातौ कार्यसमिति बैठक द्वारा गठित नियमावली तयार समितिले तयार गरिएको प्रतिबेदनलाई सर्बसम्मत रुपमा अनुमोदन गरियो ।

**९) बिबिध**

**क) कतार च्यारिटी बाट प्राप्त हुने खाद्यान्न भण्डारणका लागि ब्यवस्थापन समिती बनाउने सम्बन्धमा ।**

- प्रस्ताब नम्बर ९ बिबिधमा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा कतारको परोपकारी सस्था कतार च्यारिटीद्वारा केही दिन पछि प्राप्त हुने खाद्यान्न भण्डारणका लागि एनसीसी कतारको द्बित्तिय उपाध्यक्ष कुमार खड्काको नेतृत्वमा भण्डारण व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

## ➢ नवौ कार्यसमितिको बैठक :

मिति १६ अप्रिल २०२१ शुक्रबारका दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको नवौ पुर्ण बैठक संस्थाका कार्यबाहक अध्यक्ष उत्तम गुरुङ्गको अध्यक्षतामा भर्चुअल अनलाईन जुम मार्फत निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**१) एनसीसी कतारको दशौ संसोधित प्रस्ताबित बिधान कार्यसमितिबाट अनुमोदन सम्बन्धमा ।**

- कार्यसुची -१ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको बिधान २००३ को नवौ संसोधित बिधानको परिच्छेद १० को ३६ मा ब्यवस्था भए अनुसार एनसीसीको आठौं पुर्ण बैठकद्वारा बिधान संसोधन समितीद्वारा प्रस्ताबित संसोधित बिधान एनसीसी कतारको नवौ पुर्ण बैठकद्वारा सर्बसम्मत पास गरि अन्तिम परिषद भेलामा अनुमोदनका लागि प्रस्ताब गर्ने निर्णय गरियो ।

**२) एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद भेलामा प्रस्तुत हुने प्रगती प्रतिबेदन,आर्थिक प्रतिबेदन र बिभागिय प्रतिबेदन कार्यसमितिबाट अनुमोदन सम्बन्धमा ।**

- कार्यसुची -२ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद भेलामा महासचिव बाट प्रस्तुत हुने प्रगति प्रतिबेदन, कोषाध्यक्ष बाट प्रस्तुत हुने आर्थिक प्रतिबेदन र बिभागिय प्रमुख द्वारा प्रस्तुत हुने बिभागिय प्रतिबेदन १६ अप्रिल २०२१ को एनसीसीको नवौ कार्यसमिति बैठकद्वारा सर्बसम्मत अनुमोदन गरियो ।

**३) एनसीसी कतारको २०२१- २०२३ कार्यकालका लागि पन्जिकृत सदस्यता आव्हानका सम्बन्धमा ।**

- कार्यसुची- ३ मा प्रस्ताबित प्रस्ताब माथी बृहत छलफल गर्दा एनसीसी कतारको बिधान २००३ को नवौ संसोधित बिधानको परिच्छेद ५ को १२ मा ब्यवस्था भए अनुसार र आईसीसीको विशेष महाधिवेशनबाट सबै एनसीसी लाई सर्कुलर गरिएको निर्देशन अनुसार एनसीसी कतारको २०२१ -२०२३ का लागि देहाय बमोजिमको तालिकाअनुसार पन्जिकृत सदस्यता आव्हान गरिने निर्णय गरियो ।

- सदस्यता आव्हान खुल्ला - २५ अप्रिल २०२१
- सदस्यता आबेदन अन्तिम मिति - २८ मे २०२१ मध्यरात ११:५९
- सदस्यहरुको प्रथम नामावली प्रकाशन - ३० मे २०२१

- सदस्यहरुको निबेदन माथी दाबी बिरोध गर्ने अन्तिम मिति - २ जुन २०२१
- स्वीकृत भएका सदस्यहरुको रकम भुक्तानी अन्तिम मिति - ४ जुन २०२१
- पन्जिकृत सदस्यहरुको अन्तिम नामवलि प्रकाशन - ११ जुन २०२१

साथै पन्जिकृत सदस्य आबेदकले अनिवार्य नत्थी गर्नुपर्ने कागजातहरु निम्नानुसारको छन ।

- पासपोर्ट साइजको फोटो
- पासपोर्टको प्रतिलिपी
- हालको कतार आईडिको प्रतिलिपी
- कतार प्रवेश गरेको २ बर्ष पूरा भएको प्रमाणित कागजत वा एनआरएनएको पुरानो आईडी कार्डको प्रतिलिपी

आबेदन अनिवार्य आईसीसी बाट तयाए गरिएको धधधञभचय.लचलब.यचन/गकभच/चभनष्कतभच को लिन्क मार्फत फारम भर्नुपर्ने छ।यसरी भरिएको आबेदन आईसीसीको :क्ष्क प्रणालीमा हुने भएकाले पछि सच्याउन नसकिने भएकाले सहि बिवरण भर्नुपर्ने निर्णय गरियो ।

**४) एनसीसी कतारको नवौ राष्ट्रिय महाधिवेशनका सम्बन्धमा ।**

➢ कार्यसुची- ४ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसिसी कतारको बिधान २००३ नवौ संसोधित बिधानको परिच्छेद ७ को २८ मा व्यवस्था भए अनुसार एनसीसी कतारको २०२१-२०२३ कार्यकालको नयाा कार्यसमितिको निर्बाचन मिति ०९ जुलाई २०२१ र नवौ राष्ट्रिय महाधिवेशन १६ जुलाई २०२१ मा गरिने सर्बसम्मत निर्णय गरियो ।

**५) एनसीसी बाट प्रदान गरिने पुरस्कारका लागि छनौट नामहरु अनुमोदन सम्बन्धमा ।**

➢ कार्यसुची- ५ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारद्वारा प्रदान गरिने पत्रकारिता, साहित्य र स्वास्थ्य तथा खेलकुद पुरस्कार एनसीसी कतारको पुरस्कार नियमावली अनुसार छनौट भएका निम्न ब्याक्तिहरुलाई प्रदान गरिने सर्बसम्मत अनुमोदन गरियो ।

❖ एनआरएनए एनसीसी पत्रकारिता पुरस्कार - तिलु शर्मा पौडेल
❖ एनआरएनए एनसीसी साहित्य पुरस्कार - दिप मिलन
❖ एनआरएनए एनसीसी स्वास्थ्य तथा खेलकुद पुरस्कार - ईन्तेखाब अहमेद

**६) एनसीसी बाट प्रदान गरिने सम्मान ,प्रसम्सा र कदरपत्रका लागि छनौट भएका ब्यक्ती र सस्थाहरुको अनुमोदन सम्बन्धमा ।**

➢ कार्यसुची- ६ मा प्रस्ताबित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसिसी कतारको आठौ पुर्ण बैठकद्वारा एनसीसी अध्यक्ष ज्युको सम्योजकत्वमा गठित प्रसम्सा, कदर र सम्मान पत्र बितरण छनौट समिती द्वारा तयार गरिएको ब्याक्तिहरु र सस्थाहरुको नाम सर्बसम्मत अनुमोदन गर्दै एनसिसी कतारको तेस्रो तथा अन्तिम परिषद भेलामा बितरण गरिने निर्णय गरियो ।

**७) एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद भेलाका लागि आवस्यक ब्यवस्थापन सम्बन्धमा ।**

➢ कार्यसुची- ७ मा प्रस्तावित प्रस्ताबमा बृहत् छलफल गर्दा मिति २३ अप्रिल २०२१ मा हुन गैइरहेको एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद भेला सम्पन्न गर्नका लागि एनसीसी कतारका दित्तिय उपाध्यक्ष कुमार खड्का ज्युको संयोजकत्वमा भेला ब्यवस्थापन समिती बनाईने निर्णय गरियो ।

**८) एनसीसी कतारको नवौ महाधिवेशनका लागि निर्वाचन समिती गठन सम्बन्धमा ।**

➢ कार्यसुची- **८** मा प्रस्तावित प्रस्ताब माथी माथी बृहत् छलफल गर्दा एनसीसी कतारको बिधान २००३ नवौ संसोधित बिधानको परिच्छेद १० को ३४ मा ब्यवस्था भए अनुसार एनसीसी कतारको २०२१- २०२३ कार्यकालको नया कार्यसमिति छनौट प्रक्रियाका लागि निर्बाचन समिती संयोजक आईसीसी सदस्य श्री रमेश भट्ट ज्युलाई बनाईने र समितिका थप सदस्यहरु आवस्यक अनुसार संयोजकले मनोनित गरि कार्यसमितिलाई जानाकारी गराउने सर्बसम्मत निर्णय गरियो ।

## ख) सचिवालय वैठकहरु :

### ➢ प्रथम सचिवालय बैठक :

मिति १३ सेप्टेम्बर २०१९ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको प्रथम सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) खुल्ला गरिएको पंजीकृत सदस्यहरुको सम्बन्धमा ।**

एनसीसी कतारद्वार मिति ०८ सेप्टेम्बर, २०१९ मा खुल्ला गरिएको पञ्जिकृत सदस्य आबेदन बैधानिक नभएको र खारेजी गरिनुपर्ने भनि ईमेल मार्फत पञ्जिकृत सदस्य केदार भुषालले दिनुभएको निबेदनलाई एनसीसी कतारका अध्यक्ष श्री मोहम्मद मुक्तादा मुसलमानले आईसीसीमा इमेल मार्फत जानकारी गराई सल्लाह सुझाब लिने भन्ने निर्णय गरियो र खुल्ला गरिएको सदस्यताका सम्बन्धमा पूर्व सूचना अनुरुप कार्यन्वयन गर्ने निर्णय गरियो ।

**२) विश्व सम्मेलन तथा नबौ राष्ट्रिय महाधिबेशन प्रतिनिधिहरुको छनौट र रकम भुक्तानी सम्बन्धमा ।**

विश्व सम्मेलन तथा नबौ राष्ट्रिय महाधिबेशन प्रतिनिधिहरुको छनौट र रकम भुक्तानी आईसीसीको मापदण्ड अनुसार गर्ने गरि परिषद्का अध्यक्ष, प्रथम उपाधक्ष र महासचिबलाई नामावली छनौट गर्ने जिम्मा दिईयो र महाधिबेशनमा भाग लिने प्रतिनिधिहरुको रकम नेपालमा नै संकलन गरि आईसीसीलाइ भुक्तानी गर्ने निर्णय गरियो ।

**३) गैर आवासीय नेपालि संघ कतारका अभियन्ताहरु संगको भेटघाटका सम्बन्धमा ।**

गैर आवासीय नेपालि संघ कतारका अभियन्ताहरु संगको भेटघाटका सम्बन्धमा अक्टोबर १५ देखि १७ सम्म आईसीसीको विश्व सम्मेलन नेपालमा हुने तय भएको हुदा एनआरएनए अभियन्ताहरु सोमा ब्यस्त रहनुहुने भएको हुदा उक्त भेटघाट कार्यक्रम विश्व सम्मेलन समाप्त भए पछि पुन: मिति तय गरि आयोजना गर्नेनिर्णय गरियो ।

**४) सचिवालयको नियमित बैठकका सम्बन्धमा ।**

सचिवालयको नियमित बैठक बिधानमा ब्यवश्था भए बमोजिम महिनामा एकपल्ट कम्तिमा र आवश्यकता अनुसार कुनै पनि समयमा बस्न सकिने निर्णय गरियो ।

**५) क्ष्ब्ब धयचमि ऋजकउष्यलकजष्ड यउभलष्लन ऋभचभ्रयलथ ७ ाबल श्यलभ, प्जबषिब क्ष्लतभचलबतष्यलबा क्तबमष्फ मा गरिने सांस्कृतिक कार्यक्रममा सहभागिताका सम्बन्धमा ।**

क्ष्ब्ब धयचमि ऋजकउष्यलकजष्ड यउभलष्लन ऋभचभ्रयलथ ७ ाबल श्यलभ, प्जबषिब क्ष्लतभचलबतष्यलबा क्तबमष्फ मा गरिने सांस्कृतिक कार्यक्रममा सहभागिताका सम्बन्धमा कला तथा संस्कृति बिभागका संयोजक श्री मदन गुरुङ्गलाई कार्यक्रमको संयोजन गर्न र प्रस्तुतीहरु तयार गर्न सम्पूर्ण जिम्मेवारी दिने र सो कार्यक्रममा कार्यसमिति सदस्यहरु समेत सहभागि हुने गरी खष्कष्त ल्भउबा द्दण्दद्दण अंकित एनसीसी कतारको लोगो सहितको ५० वटा टिसर्ट छपाई कार्यक्रममा टिसर्ट लगाएर उपशितथती जनाउने निर्णय गरियो साथै सोहि कार्यक्रममा खष्कष्त ल्भउबा द्दण्दद्दण को प्रचार प्रसारकालागि सम्बन्धित निकाय संग बुझि एनसीसी कतारको लोगो अंकित ब्यानर बनाई कार्यक्रमको अन्तिममा प्रदर्शन गर्ने निर्णय गरियो ।

**६) बिबिध ।**

सचिवालयको बैठकमा आमन्त्रित सदस्यहरुको सम्बन्धमा बैठकको कार्यसुचीमा आबश्यकता पर्ने समिति / बिभागका संयोजकहरुलाई आवश्यकता अनुसार आमन्त्रिण गर्नेनिर्णय गरियो ।

➢ **दोश्रो सचिवालय बैठक :**

मिति ३१ अक्टोबर २०१९ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको र दोस्रो सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) नेपालीहरुको महान पर्व दशैं, तिहार, नेपाल सम्बत, छठ र बलिहाङ तङ्नामको शुभकामना आदन-प्रदान कार्यक्रम सम्बन्धमा ।**

➢ **प्र**स्ताब नम्बर १ उपर छलफल गर्दा नेपालीहरुको महान पर्बहरुको शुभकामना आदान प्रदान कार्यक्रम मिति १ नोभेम्बर २०१९ शुक्रबारका दिन नेपालि राजदुताबासको सभाहलमा दोहामा स्थापित सम्पुर्ण नेपालि संघसंस्थाहरुलाई आमन्त्रित गरि कार्यक्रम आयोजना गर्ने निर्णय गरियो

➢ **तेश्रो सचिवालय बैठक :**

मिति १८ नोभेम्बर २०१९ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको र तेस्रो सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) अन्तराष्ट्रिय समन्वय परिषद सदस्य सिफारिस सम्बन्धमा ।**

गैरआवासीय नेपालि संघ, अन्तर्राष्ट्रिय समन्वय परिसदको सदस्यका लागि एनसीसी कतार द्वारा अब्दुल बसिद ज्युलाई सिफारिस गरिने सर्बसम्मत रुपमा निर्णय गरियो

**२) साइबर सुरक्षा, सचेतना तथा प्रशिक्षण कार्यक्रम २०१९ सम्बन्धमा ।**

एनसिसीद्धारा २४ नोभेम्बर २०१९ का दिन कतारमा स्थापित नेपाली संघसंस्थाहरुको सहभागिता र नेपाली राजदुत महामहिम राजदुत डा. नारदनाथ भारद्धाज ज्यूको प्रमुख आतिथ्यमा साईबर बिज्ञ डा. रामहरि सुबेदीको प्रशिक्षणमा साईबर सुरक्षा तथा सचेतना कार्यक्रम गरिने सर्बसम्मत रुपमा निर्णय गरियो ।

**३) एनसिसि कतार द्वारा संघ सस्थाहरुको सहभागितामा अन्तरक्रिया तथा आइसिसीमा बिजयी पदाधिकारीहरुलाई सम्मान ।**

एनसिसीद्धारा कतारमा स्थापित संघ सस्थाहरुको सहभागितामा अन्तरक्रिया कार्यक्रम ६ डिसेम्बर २०१९ का दिन गरिने र कतारबाट आईसीसीमा बिजयी हुने पदाधिकारी ज्यूहरुलाई उचित समय मिलाएर एनसीसी कतार द्वारा समान गरिने निर्णय गरियो

**४) नेपाल सरकारको भ्रमण वर्ष २०२० अभियानलाई प्रचार प्रसार सम्बन्धमा ।**

एनसिसीद्धारा नेपाल सरकारको भ्रमण वर्ष २०२० अभियानलाई प्रचार प्रसार कार्यक्रमको सम्पूर्ण योजनाका साथै समन्वय गर्ने जिम्मा सस्थाको अध्यक्ष र महासचिवलाई दिईने निर्णय गरियो ।

## ➢ चौथो सचिवालय बैठक :

मिति ०४ जनवरी २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको र चौथो सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१. एनसीसी कतारको स्थापना दिवस, कतारको राष्ट्रिय दिवश र भ्रमण बर्ष २०२० शुरूवात तथा हेल्प डेस्क उद्घाटन कार्यक्रम समिक्षा सम्बन्धमा ।**

एनसीसी कतारले सम्पन्न गरेको एनसीसी कतारको स्थापना दिवस मनाउने क्रममा कार्यक्रमको तयारिमा केही कमि देखिएको र कामको बाड्फाड अनुरुप जिम्मेवारी निर्बाह नभएको देखिएपनी बिगतका भन्दा स्थापना दिवस भब्यताका साथ समपन्न भएको र आउने दिनहरुमा कमि कमजोरीहरुको ख्याल गरि कार्यक्रम गरिने समीक्षा गर्दै कतारको नेसनल डे को विषयमा पनि मौसमका कारण सबै स्थानमा प्रस्तुती सहित सहभागी जनाउन नसकेपनी पहिलो पटक कतारको राष्ट्रिय दिवस लाई समर्थन गर्न नेपाली समुदायको तर्फबाट एनसीसी कतारले परेडमा सहभागी जनाइयो र आउने बर्षमा अझ वृहत् रुपमा तयारिका साथ सहभागिता जनाउने समिक्षा गरियो । भ्रमण बर्ष २०२० शुरूवात तथा हेल्प डेस्कको विषयमा छोटो समयको तयारिमा भएको कार्यक्रम र दुताबासको समयको समस्याले गर्दा पनि हलको ब्यवस्थापनमा पर्न आएको समस्याले उल्लेखनीय उपस्थिति नरहेपनी कार्यक्रम छोटो, मीठो र प्रभावकारी रहेको र भ्रमण बर्ष सफल बनाउन सबैलाई अपिल गर्दै कार्यक्रम सफल भएको समिक्षा गरियो । अब उप्रान्त गरिने हरेक कार्यक्रमहरुको तयारी सचिबालयमा बृहत् छलफल गरि कार्यक्रम गर्ने निर्णय गरियो ।

**२. एनसीसी कतारको अफिसियल वेबसाइट रिन्यु गर्ने सम्बन्धमा ।**

एनसीसी कतारको अफिसियल वेबसाईट रिन्यु गर्ने सम्बन्धमा एनसीसी कतारको अफिसियल पेज २ बर्षको लागि रिन्यु गर्ने भन्ने निर्णय गरियो र जसको लागि पहिलो १ बर्षको लागि नेपाली १७५००/- रुपैया नेपालमा रहेको सफ्ट नेपाललाई पठाउने निर्णय गरियो ।

**३. एनसीसी कतारको प्रथम उपाध्यक्ष ज्युको निबेदन सम्बन्धमा ।**

एनसीसी कतारको प्रथम उपाध्यक्ष ज्युको निवेदनका सम्बन्धमा गत २७ डिसेम्बर २०१९ तारिक शुक्रबारका दिन तमु समाज कतारको च्यु ल्होसार कार्यक्रममा एनसीसी कतारको प्रथम उपाध्यक्ष श्री उत्तम गुरुङ एनसीसी कतारको प्रतिनिधित्व गर्दै विशेष अतिथिका रुपमा कार्यक्रममा सहभागी भएको बेला आईसीसीका सल्लाहकार टि. बि. कार्कीले प्रथम उपाध्यक्ष माथि अभद्र व्यबहार गरेको निबेदन प्राप्त भएकोले ५ दिन भित्र आरोपित ब्यक्तिको लिखित रुपमा स्पष्टीकरण लिने गरि पत्राचार गरिने र अन्य काम कार्बाही त्यसपछी आवश्यक परेमा अगाडी बढाउने सर्बसम्मत निर्णय गरिया ।

**४. एनसीसी कतारको रिक्त रहकौ कार्यसमिति सदस्य पदपूर्ति सम्बन्धमा ।**

एनसीसी कतारको रिक्त रहेको कार्यसमिति सदस्य पदमा अर्को बैठकद्वारा पदपूर्ति गरिने भन्ने निर्णय गरियो ।

**५. एनआरएनए आईसीसीको क्षेत्रीय सम्मेलन आयोजना कतारमा आयोजना गर्ने सम्बन्धमा ।**

एनआरएनए आईसीसीको क्षेत्रीय सम्मेलन कतारमा आयोजना गर्न आइसिसीमा अनुरोध गर्ने प्रस्ताब पारित गरियो ।

**६. बिबिध**

क. सुरक्षा तथा जनचेतना बिभाग कार्ययोजनामा राखिएको योजना अनुसार अक्टोबर २०२० मा हमद हस्पिटल सङ्ग समन्वय गरेर रक्तदान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

ख. एनसीसी कतारले जनवरी ३० तारिकका दिन सुरक्षा सचेतना सेमिनार कार्यक्रम गर्ने र कार्यक्रमको लागि अफिसियल पत्राचार :इक्ष लाई गर्ने र स्वीकृती पश्चात् भब्य रुपमा सम्पन्न गर्ने निर्णय गरियो ।

ग. सुनसरी जिल्ला दुहबी नगरपालिका -१० घर भै दोहामा बिगत १० बर्ष देखि रोजगार गरिरहेका श्री बिक्रम प्रधान क्यान्सर रोगको स्टेज ४ मा पुगेको र नेपाल फर्कन हवाई टिकटको समस्या देखिएकोले आर्थिक सहयोगार्थ क. रि. ५००/- प्रदान गर्ने निर्णय गरियो ।

घ. बाके जिल्ला घर भई रोजगारिको शिलसिलामा कतार आएको र कम्पनीको अवस्था खराबको कारण घरफिर्ती हनुपर्ने र घर फिर्ती हुन कम्पनीको कुनै सहयोग नगरेको अवस्थामा एनआरएनए एनसीसी कतारले अब्दुल हफिजलाई आर्थिक सहयोग गरि हवाई टिकट व्यवस्था गरेर नेपाल फिर्ताका लागि सहयोग गर्ने निर्णय गरियो ।

## ➢ पाचौ सचिवालय बैठक :

मिति १२ जनवरी २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको र पाचौ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

### १. आईसीसी सल्लाहाकार टि बि कार्की ज्युको लिखित स्पष्टिकरण सम्बन्धमा ।

आईसीसी सल्लाहाकार श्री टि. बि. कार्की ज्युको लिखित स्पष्टिकरण सम्बन्धमा ब्यापक छलफल गर्दा गत २७ डिसेम्बर २०१९मा सम्पन्न तमु हरुको बृहत ल्होसार कार्यक्रमको समयमा एनसीसी कतारको प्रतिनिधित्व गर्दै कार्यक्रममा बिशेष अतिथिको रुपमा उपस्थित हुनुभएका एनसीसी कतारका प्रथम उपाध्यक्ष प्रति भएको दुर्ब्यवहारको बारेमा लिखित रुपमा आएको श्री टि. बि. काकीको जवाफबाट सचिवालय सन्तुष्ट हुन नसकेकोले एनसीसी कतारले१२० दिन सम्मका लागि आफ्नो कुनै पनि कार्यक्रमहरुमा निमन्त्रणा नगर्ने सर्बसम्मत निर्णय गरियो ।

### २. बिबिध ।

ख्कष्त ल्भउर्बा द्दण्द्द लाई सफल बनाउन हरेक एनसीसी को संयोजकत्वमा कार्यदल बनाउने आईसीसी को निर्देशन अनुसार ख्कष्त ल्भउर्बा द्दण्द्द लाई सफल बनाउन एनसीसी कतारको अध्यक्ष श्री मोहमद मुक्तादा मुसलमान ज्युको संयोजकत्वमा, सदस्य सचिब एनसीसी कतारको महासचिब श्री पदम गिरी रहने गरि सचिवालयका सम्पूर्ण सदस्यहरु कार्यदलका सदस्य रहने र दोहामा स्थापित संघ सस्था, सामाजिक ब्यक्तित्व, पत्रकारहरु लाई समेत समेटि बाकि सदस्य थप गर्ने गरि कार्यदल गठन गर्ने निर्णय गरियो । संयोजक-मो. मुक्तादा मुसलमान, सदस्य सचिब-पदम गिरी, सदस्यहरु क्रमशः उत्तम गुरुङ्ग, कुमार खड्का, सरिता पौडेल, भण्डारी, नियम भुजेल, अफसर अलि खान, बिनोद प्रसाद बसौला, मो. तानबिर रोजा, अम्बिका खत्री, रबिन थापा मगर, नरेश श्रेष्ठ, केशब कार्की र ओम बहादुर क्षेत्री साथै बाकि अन्य सदस्यहरु चाडै मनोनयन निर्णय गरियो ।

## ➢ छैठौ सचिवालय बैठक :

मिति २७ जनवरी २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको र छैठौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१. ३० जनवरी २०२० मा हुने सुरक्षा सचेतना कार्यक्रमको तयारीको सम्बन्धमा**

३० जनवरी २०२० मा बिहिबार हुन गैरहेको :इक्ष संगको सहकार्यमा सुरक्षा सचेतना कार्यक्रमको तयारि सम्बन्धमा विभिन्न कार्यहरु विभाजन गरि जिम्मेवारी बाडफाड साथै अधिकतम मात्रामा उपस्थिति जनाउन सबैले पहल गर्ने र अन्य आवस्यक व्यवास्थापन अध्यक्ष ज्युले :इक्ष संग गर्ने र कार्यसमितिका सम्पूर्ण सदस्यहरुले भ्रमण वर्ष २०२० अंकित टीसर्ट लगाएर उपस्थित हुने भन्ने निर्णय गरियो ।

**२. एनसीसी कतारको सल्लाहाकार सदस्य पूर्णता दिने सम्बन्धमा**

एनसीसी कतारको सल्लाहाकार समिति पूर्णता दिने सम्बन्धमा बाकि रहेका दुई सल्लाहाकारमा क्रमश: तेज कटुवाल र भेषराज पराजुली लाई मनोनित गर्ने सर्बसम्मत निर्णय गरियो ।

➢ **<u>सातौं सचिवालय बैठक :</u>**

मिति ०५ फेब्रुअरी २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको र सातौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१. प्रथम उपाध्यक्ष उत्तम गुरुङ ज्युको उजुरी फिर्ता निबेदन र आईसीसी सल्लाहाकार टि. बि. कार्कीको कारबाही सम्बन्धमा ।**

मिति १२ जनवरी २०२० मा सम्पन्न सचिबालय बठैकको निर्णय मार्फत आइसीसी सल्लाहाकार टि. बि. कार्कीलाई गरिएको कारबाही सम्बन्धि एनसीसी प्रथम उपाध्यक्ष उत्तम गुरुङ्ग र आईसीसी सल्लाहाकार टि. बि. कार्की बीच १८ जनवरी २०२० मा मिलापत्र भएको सम्बोधन सहित १९ जनवरी २०२० प्रथम उपाध्यक्ष उत्तम गुरुङ्गले टि. बि. कार्की बिरुद्धको निबेदन फिर्ता लिने गरी निबेदन दर्ता गरिएको र स्वयंम टि. बि. कार्कीबाट पनि २९ जनवरी २०२० का दिन एनसीसी कतारलाई सम्बोधन गरि आगामी दिनहरुमा एनसीसी कतार संग सहकार्य गर्ने प्रतिबद्धता सहित आफु माथि भएको कारबाही लाई सहजीकरण गरिदिनु भनि गरिएको निवेदनका आधारमा उहा माथि गरिएको कारबाहीको फुकुवा गर्ने निर्णय गरियो ।

➢ **<u>आठौं सचिवालय बैठक :</u>**

मिति १४ फेब्रुअरी २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको आठौ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१. आईसीसीको निर्देशन अनुरुप गठित भ्रमण वर्ष २०२० कार्यदलका सम्बन्धमा :**

एनसीसी कतारको चौथो सचिबालय वैठकक द्वारा गठित भ्रमण वर्ष २०२० कार्यदलका कार्यदलमा कतारमा स्थापित प्रदेश समन्वय सस्थाहरु, नेपालि ब्यावसायी संघ, कतार, पत्रकार महासंघ, जनजाति महासंघ, बैचारिक

संस्थाहरु र कतारमा रहेका बिसेस ब्याक्तिहरुलाई भ्रमण वर्ष २०२० कार्यदलमा सहभागी गराइने निर्णय गरियो ।

**२) एनसीसी द्वारा नेपालि नया बर्षमा कार्यक्रम आयोजना सम्बन्धमा**

नया वर्षको कार्यक्रम सम्पूर्ण संघ सस्थाहरुसंग समन्वय गरि भब्य रुपमा १७ अप्रिल २०२० शुक्रबारका दिन मनाइने निर्णय गरियो ।

➢ **नबौं सचिवालय बैठक :**

मिति ११ मे २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको नवौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१. कतार स्थित नेपाली समुदायमा कोभिड-१९ का कारण परेको असर प्रती एनसीसी कतारको भुमिका र आगामी दिनमा आउन सक्ने सम्भाबित समस्याहरु र समाधानका सम्बन्धमा ।**

कोरना भाईरस कोभिड-१९ को असर कतार स्थित नेपाली समुदायमा पनि परेकोर केहि नेपाली श्रमिकहरुलाई खानाको समस्या परेकोले एनसीसी कतारद्वारा शुरु गरिएको राहत तथा उद्धार कार्य सह्रानिय र संतोषजनक रहेको साथैआम नेपाली समुदायबाट समेत प्रशंसा गरिएको समिक्षा गर्दै अझ प्रभाबकारी बनाउन उद्धार तथा राहात बितरण समितिलाई कार्यसमितिले सम्पूर्ण साथ सहयोग गरि यस अभियानलाई जारी राख्ने र कतारमा कुनै पनि नेपाली श्रमजिबीहरु भोकै बस्न नपरोस भन्ने बिषयलाई केन्द्र बिन्दुमा राखि राहातका लागि आर्थिक आवस्यक पर्दा संस्थाको कोषबाट भएपनि रकम ब्यवश्था गर्नेनिर्णय गरियो । कतारमा स्थापित नेपाली सामाजिक संघ संस्थाहरु सित समन्वय गरी राहत बितरण कार्य जारी राख्ने र दीर्घकालीन समाधानका लागि नेपाली श्रमिकहरुको उद्धार तथा राहात बितरणका लागि नेपाली नियोग मार्फत नेपाल सरकार लाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

➢ **दशौं सचिवालय बैठक :**

मिति ११ जुन २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको दशौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**क) एनसीसी कतारद्वारा बितरित १७ औं चरण सम्मको राहत बितरणको समिक्षाका सम्बन्धमा ।**

एनसीसी कतारद्वारा १७ औं चरण सम्मको राहत बितरणकोबृहद छलफल गर्दा अहिले सम्म गरिएका बितरण कार्यक्रम प्रशंसनिय भएको समिक्षा सहित राहत बितरण कार्यक्रममा सहभागी सम्पूर्णलाई धन्यवाद प्रस्ताब पारित गरि आउदा दिनहरुमा यसलाई अझ प्रभाबकारी बनाउन थप सक्रियता बढाईने निर्णय गरियो। राहात बितरणको १७ औं चरण सम्म आईपुग्दा जम्मा ४,८६८ जना नेपाली श्रमिकहरुलाई राहत प्याकेज बाडिएको राहत तथा उद्धार समितीले जानकारी गराएको थियो ।

**ख) एनसीसी कतारद्वारा साहित्य कार्यक्रमको आयोजना गर्नेसम्बन्धमा ।**

एनसीसी कतारद्वारा आयोजना गरिने साहित्य कार्यक्रम सम्बन्धमा बृहद छलफल गर्दै संस्थाकोसाहित्य बिभागलाई कार्यक्रमको आवस्यक तयारी गर्न, नेपाल र कतारमा रहेका साहित्य क्षेत्रका ब्यक्तिहरुलाई सहभागी

बनाई सुचना र सन्देशमुलक साहित्यिक बाचन भर्चुअल जुम अनलाइन मार्फत कार्यक्रम सम्पन्न गर्न, कार्यक्रमको रुपरेखा सहित तयारी र मिति तय गर्न साहित्य बिभाग लाई जिम्मेवारी दिने र बिभागले अनुमोदनका लागि सचिबालयमा पेश गर्ने निर्णय गरियो ।

➢ **एघारौं सचिवालय बैठक :**

मिति २९ जुन २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको एघारौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**क) नेपाली श्रमिकहरुको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धमा ।**

नेपाली श्रमिकहरुको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धमा बृहद छलफल गर्दा २७ जुन २०२० का दिन नेपाली राजदुतावासको विशेष पहलमा एनसीसी कतार, नेपाली व्यवसायी संघ कतार र कतारमा स्थापित केही नेपाली संघसस्थाहरुको सहभागितामा भएको छलफल अनुसार नेपाली राजदुताबासको संरक्षकत्व र एनसीसी कतारको संयोजकत्वमा कतारमा कोरना भाईरसको प्रभावले अलपत्र परेका तर आर्थिक समस्याका कारण मुलुक फर्कन समस्यामा रहेका नेपाली श्रमिकहरुलाई स्वदेश फिर्तिका लागि आर्थिक सहयोग गर्न एक उद्धार समिती बनाई सो समितिमा नेपाली राजदुतावासको प्रतिनिधि, एनसीसी कतारबाट अध्यक्षको संयोजकत्व सहित प्रथम उपाध्यक्ष र महासचिव, नेपाली ब्यवशायी संघ कतारका अध्यक्ष, कतारमा सामाजिक काममा सक्रिय बैचारिक संस्थाका प्रमुखहरु र कतारमा रहनुहुने गैरआवासीय अभियान्ताहरु सदस्य रहने गरी एक समिति बनाउने र समितिले स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा उद्धार प्रस्ताब-२०२० तयार गरि नेपाली राजदुताबासमा पेश गर्न प्रस्ताबको ड्राफ्ट तयार गर्न एनसीसी कतारका महासचिबलाई जिम्मेवारी दिने निर्णय गरियो ।

➢ **बाह्रौं सचिवालय बैठक :**

मिति ०८ अगस्त २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको बाह्रौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१. आईसीसीको परियोजनामा कोभिड - १९ का कारण बिदेशमा समस्यामा परेका नेपाली श्रमिकहरुलाई सहयोग गर्न राष्ट्रिय समिति (राहत तथा स्वदेश फिर्ती) गठन गर्ने सम्बन्धमा ।**

मिति ३ अगस्ट २०२० का दिन गैरआवासिय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद बाट प्राप्त ईमेल अनुसार गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको सचिवालय बैठकले कोभिड - १९ का कारण बिदेशमा समस्यामा परेका नेपाली हरुलाई सहयोग गर्न आईसीसीको परियोजना कतारमा पनि गरिने र उक्त परियोजनाको लागि देहाय बमोजिमको राष्ट्रिय समिति र विभिन्न उपसमितिहरु निर्माण गरिने निर्णय गरियो ।

**(क) कोभिड-१९ का कारण बिदेशमा अलपत्र परेका नेपालि श्रमिकहरुलाई सहयोग गर्न राष्ट्रिय समिति (राहत तथा स्वदेश फिर्ती):**

१. संयोजक : मो. मुक्तदा मुसलमान

२. सदस्य : रमेश भट्ट

३. सदस्य : होमनाथ शर्मा

४. सदस्य : के. बि. हमाल

५. सदस्य : युवराज शर्मा

६. सदस्य : अब्दुल बसिद

७. सदस्य : उत्तम गुरुङ्ग

८. सदस्य : टंक कुमार खड्का

९. सदस्य : सरिता भण्डारी

१०. सदस्य : पदम गिरी

११. सदस्य : अफसर अलि खान

१२. सदस्य : बिनोद प्रसाद बसौला

१३. सदस्य : अम्बिका खत्री

१४. सदस्य : रबिन मगर

१५. सदस्य : नेरेश श्रेष्ठ

**(ख) सल्लाहकार समिती :**

१. आर के शर्मा

२. प्रबिण गुरुङ्ग

३. राज रेग्मी

**(ग) परियोजना कर्मचारी छुनौट समिती:**

१. मो. मुक्तदा मुसलमान

२. उत्तम गुरुङ्ग

३. टंक कुमार खड्का

४. पदम गिरी

५. बिनोद प्रसाद बसौला

**(घ) खरिद समिती:**

१. मुखतार आलम

२. नेत्र कुमार भुजेल

३. तानबिर रोजा

४. केशब कार्कि

५. ओम बहादुर क्षेत्री

६. राजिक शेख

७. राजु राई

८. ज्वाला शाही

९. झबिन्द्र आचार्य

**२. आईसीसीको बाढी पहिरो राहत कोषलाई एनसीसी कतारको सहयोग सम्बन्धमा ।**

मिति ५ अगस्ट, २०२० मा आईसीसीबाट प्राप्त ईमेल अनुसार नेपालमा परेको प्राकृतिक बिपतिमा सहयोगका लागि आईसीसीको बाढी पहिरो पिडित राहत कोषका लागि एनसीसी कतारलाई गरिएको सहयोगको अपिललाई पुर्ण समर्थन गर्दै तत्कालका लागि एनसीसीको राहत कोषबाट ५०० युस डलर पठाईने र कार्यसमितीका पदाधिकारी तथा सदस्यहरुबाट स्वेच्छिक सहयोगको अपिल गरि उक्त रकम संकलन गर्ने निर्णय गरियो ।

**३. बिबिध :**

(क ) बाग्लुङ जिल्ला गलकोट - १२ निबासी होम बहादुर श्रीष मगरको निबेदनका सम्बन्धमा ।

लामो समय देखि कतारमा कार्यरत ब बाग्लुङ जिल्ला गलकोट-१२ रिधा निबासी होम बहादुर श्रीष मगरले मिति २१/०४/२०७७ मा एनसीसी कतारलाई आफु छुट्टिमा नेपाल गएको बेला पक्षघात भैइ बुटवल स्थित अस्टाङ्ग आयुर्वेद अस्पतालमा उपचाररत र उपचारका क्रममा धेरै खर्छ भैसकेकोले थप उपचारका लागि समस्या परेको ब्यहोरा सहित आर्थिक सहयोगका लागि निबेदन र अस्पतालको सिफारिस पत्र पेश गर्नुभएको हुादा निजलाई उपचार सहयोगका लागि आईसीसीको वैदेशिक रोजगारी तथा कल्याणकारी कोषलाई सिफारिस पत्र पठाइने निर्णय गरियो ।

➢ **<u>तेह्रौं सचिवालय बैठक :</u>**

मिति २८ अगस्त २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारको तेह्रौं_सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१) कोभिड-१९ का कारण बिदेशमा समस्यामा परेका नेपाली श्रमिकहरु लाई सहयोग गर्न गठित राष्ट्रिय समितिका सम्बन्धमा ।**

आईसीसीको परियोजनामा कोभिड - १९ का कारण बिदेशमा समस्यामा परेका नेपालिहरुलाई सहयोग गर्नका लागि एनसीसी कतारले ८ अगस्ट, २०२० मा १२ औ सचिबालय बैठकद्बारा राष्ट्रिय स्तरको १५ सदस्यिय समिति र बिभिन्न उपसमिति निर्माण गरि आईसीसीमा पठाईएको र सो समितिले गर्ने कार्यक्रमहरु आईसीसीबाट निर्देशिका प्राप्त पछि थप छलफल गरि अगाडि बढ्ने निर्णय गरियो ।

**२) एनसीसीको संयोजकत्वमा गठित स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा उद्धार समिति सम्बन्धमा ।**

एनसीसीको संयोजकत्वमा गठित स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा राहत समितिले हाल सम्म एनसीसीको आवास गृहमा बसेका ७ जना श्रमिकहरु र सिफारिस गरेको ३० जना मध्येबाट नेपाली नियोगले अन्तिम छनौट गरेका १६ जना गरि जम्मा २३ जना श्रमिकहरुलाई हवाई टिकट उपलब्ध गराएको र जसमध्ये चन्द्र बहादुर सारु सिराहालाई करि ६००/- र प्रवेश गिरी नवलपरासीलाई करि ७००/- आंशिक रकम टिकटका लागि उपलब्ध गराएको थियो । निजहरु समितिको छनौटमा परेका र नेपाली नियोगको प्रक्रियामा केही ढिलाई भएकाले थप रकम स्वयं ब्यक्तीहरुले ब्यवस्था गरि टिकट ब्यवस्थापन गरेका थिए । आगामी दिनहरुमा टिकट सहयोगका लागि समितिमा आबेदन परि छनौट भएका कुनै पनि श्रमिकहरुले स्वयं टिकट ब्यवस्था गरेको खण्डमा त्यस्ता ब्याक्तिहरुलाई काठमाण्डौ देखि उनिहरुको घरसम्म पुग्नका लागि यातायात खर्च स्वरुप उनिहरुको अवस्था बुझेर एनसीसीको कोषबाट केही रकम सहयोग गरिने निर्णय गरियो ।

➢ **चौधौं सचिवालय बैठक :**

मिति ०१ सेप्टेम्बर २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारका चौधौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) आईसीसीको परियोजनामा कोभिड-१९ का कारण बिदेशमा समस्यामा परेका नेपाली श्रमिकहरुलाई सहयोग गर्न गठित राष्ट्रिय समिति सम्बन्धमा ।**

आईसीसीको कोभिड-१९ सम्बन्धि परियोजना लाई अगाडि बढाउन केही स्वयंसेवकहरु छनौट गरि आईसीसीमा सिफारिस गर्नुपर्ने निर्देशन पश्चात् एनसीसीको सचिबालय मार्फत आन्तरिक रुपमा यो परियोजनाको लागि स्वयंसेवकहरु छनौट प्रक्रिया अगाडि बढाउने र प्राप्त आबेदनहरु छनौट समितिले अर्को सचिबालयमा छलफल पश्चात् छनौट गरिने र यो परियोजनामा नेपाली नियोगको सहयोग र भुमिकाको बारेमा छलफल गर्नका लागि एनसीसीको सचिवालय स्तरको प्रतिनिधि मण्डल दुतावासमा गएर परियोजना सम्बन्धी छलफल गर्ने निर्णय गरियो ।

➢ **पन्ध्रौं सचिवालय बैठक :**

मिति ०९ सेप्टेम्बर २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारका पन्ध्रौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) आईसीसीको कोभिड-१९ परियोजनाको स्वयंसेवक छनौट र आगामी कार्यक्रम सम्बन्धमा ।**

आईसीसीको निर्देशन र मापदण्ड अनुसार स्वयंसेवक छनौटका लागि प्राप्त भएका आबेदनहरु माग संख्या भन्दा कम र केही आबेदन मापदण्ड बिपरित आएकाले सदर भएका ४ जना स्वयंसेवकहरुको नाम मात्र हाललाई पठाइने र बाकी स्वयंसेवकहरु पुन आबेदन संकलन पश्चात् पठाईने निर्णय गरियो । परियोजनालाई गतिशीलता दिनका लागि प्राप्त भएका आबेदनहरु मध्ये सन्तोष रेग्मी टिम लिडरका लागि र बाकी ३ जना अपसना खान, उमेश रेग्मी र नीर बहादुर मगरलाई फिल्ड स्वयंसेवकका लागि छनौट गरि आईसीसीमा सिफारिस गर्ने निर्णय गरियो ।

**२) एनसीसी कतारद्वारा रक्तदान कार्यक्रमको आयोजना गरिने सम्बन्धमा ।**

गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको आयोजनामा कतारमा स्थापित सम्पूर्ण नेपाली संघसंस्थाहरुलाई सहभागी बनाई बृहत रक्तदान कार्यक्रम गर्ने सर्बसम्मत निर्णय गरियो । उक्त रक्तदान कार्यक्रमको मिति तय गर्न र हमद मेडिकल कर्पोरेसन सङ्ग समन्वय गर्नका लागि संघका दित्तिय उपाध्यक्ष टंक कुमार खड्का र महासचिव पदम गिरीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**३) कतार सरकारको समन्वयमा कतार च्यारिटी मार्फत ईद उल फितर र ईद अलआदाको अवसरमा नेपाली समुदायलाई दिएको खाद्यान्न (फुड कीट) का लागि संस्थाको तर्फबाट धन्यवाद प्रकट गर्ने सम्बन्धमा ।**

कोरना भाईरसको महामारीले आक्रान्त भैइरहेको बेला कतार सरकारको गृह मन्त्रालयको समन्वयमा कतार च्यारिटी मार्फत इद उल फितरको अवसरमा ५००० बकस र ईद अलआदाको अवसरमा २२५० बाकस खाद्यान्न नेपाली समुदायालाई उपलब्ध गराई सहयोग गरेकोमा संस्थाको तर्फबाट धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

➢ **सोह्रौं सचिवालय बैठक :**

मिति १८ सेप्टेम्बर २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारका सोहौं सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१) एनआरएनए मध्यपुर्ब क्षेत्रीय भेला कार्यक्रम एनसीसी कतारद्वारा गर्ने सम्बन्धमा ।**

आईसिसीको मध्यपुर्ब संयोजक द्वारा मध्यपुर्ब क्षेत्रीय भेलाको आयोजना एनसीसी कतारद्वारा गर्न गर्नु भएको अनुरोध स्विकार्दै मध्यपुर्बका अरु एनसीसीले नगरेको खण्डमा एनसीसी कतार भर्चुअल अनलाईन जुम मार्फत मध्यपुर्ब क्षेत्रीय भेलाको आयोजना गर्ने निर्णय गरियो । भेलाको मिति र कार्यक्रको बारेमा मध्यपुर्ब संयोजकले मध्यपुर्बका अरु एनसीसी संग समन्वय गरि मध्यपुर्बको बैठकले कतारमा नै गर्ने निर्णय भएको अवश्थामा आगामी सचिबालयको बैठक द्वारा आवश्यक छलफल गरि निर्णय गर्ने सर्बसम्मत निर्णय गरियो ।

**२) एनसीसी कतारमा प्राप्त आर्थिक सहयोगको निबेदनका सम्बन्धमा ।**

मोना कतार द्वारा स्याग्दी निबासी मङ्गले दर्जिको कतारमा मृत्यु भएको र निजको घर परिवारको आर्थिक स्थिती कमजोर भएको ब्यहोरा सहित एनसीसी कतारलाई आर्थिक सहयोगको अनुरोध भए बमोजिम मृतक मङ्गले दर्जिलाई एनसीसी कतार द्वारा करि ३००/- आर्थिक सहयोग गर्ने सर्बसम्मत निर्णय गरियो साथै बाग्लुङ सेवा समाज कतार द्वारा गृह जिल्ला बाग्लुङमा आएको बाढी र पहिरोले जिल्लाबासिहरुमा ठुलो जनधनको क्षति भएकोले बाढी पहिरो पीडितहरुलाई सहयोगका निम्ति संस्थाद्वारा आर्थिक संकलन गरिरहेको जानकारी सहित एनसीसी कतारलाई पनि आर्थिक सहयोग अनुरोध गरिए अनुसार उक्त निबेदन सहयोगका लागि एनसीसी कतारले आईसीसीको बाढी पहिरो राहत कोषमा सहयोग पठाई सकिएकोले सोका लागि आईसीसीमा सिफारिस गर्ने निर्णय गरियो ।

➢ **<u>सत्रौं सचिवालय बैठक :</u>**

मिति २५ सेप्टेम्बर २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्कतारका सत्रौ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु :</u>**

**१) एनआरएनए मध्यपुर्ब क्षेत्रिय भेला सम्बन्धमा ।**

एनआरएनए मध्यपुर्ब भेला अक्टोबर १६ र १७ मा एनसीसी कतारले भर्चुअल अनलाईन जुम मार्फत आयोजना गर्ने सर्बसम्मत निर्णय गरियो साथै मध्यपुर्ब क्षेत्रिय भेला सम्पन्न गर्नका लागि एनसीसी कतार द्वारा ११ सदस्यीय भेला ब्यवस्थापन समिती र आर्थिक समिती निम्नानुसार बनाउने निर्णय गरियो ।

**(क) आईसीसी मध्यपुर्ब भेला ब्यवस्थापन समिति**

१.संयोजक : टंक कुमार खड्का

२.उप संयोजक : अफसर अलि खान

३.सदस्य : नियम भुजेल

४.सदस्य : नरेश श्रेष्ठ

५.सदस्य : केशवराज कार्की

६.सदस्य : अब्दुल खालिक

७.सदस्य : राजिक शेख

८.सदस्य : ज्वाला शाही

९.सदस्य : झबिन्द्र आचार्य

१०. सदस्य : सेवक घतानी

११.सदस्य : राजु राई

**(ख) आर्थिक समिति**

१. बिनोद प्रसाद बसौला

२. मोहम्मद तानबिर रेजा

**२) आईसीसीको कोभिड - १९ परियोजना सम्बन्धमा ।**

आईसीसीको कोभिड-१९ परियोजना एनसीसीको विभिन्न ५ चरण सम्मको सचिबालय बैठक, नेपाली नियोग कतार सङ्को छलफल र परियोजना प्रमुख सङ्को बैठक पछि कतारमा यो परियोजना सुचारु गरिने निर्णय गरियो । परियोजनाका लागि बाकी रहेको स्वयंसेवक छ्नौट यथासिघ्र सम्पन्न गरि परियोजनाको कार्यक्षेत्र र कार्यबिधी बनाउने निर्णय गरियो ।

➢ **अठारौं सचिवालय बैठक :**

मिति ३१ अक्टोबर, २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका अठारौ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु :**

**१) बिजया दशमी, तिहार, नेपाल संबत ११४१, छठ पर्व, बलिनाङ तङनाम र उधौली पर्वको शुभकामना आदानप्रदान कार्यक्रम आयोजना सम्बन्धमा ।**

मिति २० नोभेम्बर २०२० का दिन एनसीसी कतार द्वारा नेपालीहरुको चाड बिजया दशमी, तिहार, नेपाल संबत ११४१, छठ पर्व, पर्व, बलिनाङ तङनाम र उधौली पर्वको शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना अनलाइन जुम मार्फत गरिने सर्बसम्मत निर्णय गरियो ।

**२) कतार सरकारको श्रम मन्त्रालयको समन्वयमा कतारको नया श्रमिक कानुन सम्बन्धि सचेतना गोष्ठी आयोजना सम्बन्धमा ।**

मिति ६ नोभेम्बर २०२०, शुक्रबारका दिन गैरआवासीय नेपाली संघराष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतार सरकारको प्रशासनिक विकास, श्रम र सामाजिक मामिला मन्त्रालय द्वारा कतार सरकारले जारी गरेको श्रमिकको न्यूनतम राष्ट्रिय ज्याला र कम्पनि परिवर्तन गर्ने सम्बन्धमा नयाा कानूनहरूको बारेमा नेपाली समुदायको लागि सचेतना कार्यक्रम गरिने सर्बसम्मत निर्णय गरियो ।

**३) एनसीसी कतारको दोस्रो परिसद तथा बार्षिक भेला सम्बन्धमा ।**

असहज परिस्थितिका कारण क्यालेण्डरमा निर्धारित मितिमा स्थगन गरिएको एनसीसी कतारको दोस्रो परिसद तथा बार्षिक भेला ११ डिसेम्बर २०२० का दिन जुम अनलाईन मार्फत गरिने निर्णय गरियो ।

४) **युवा सम्मेलन सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको युवा बिभाग द्वारा २७ नोभेम्बर २०२० का दिन य'वा सम्मेलन गरिने र कार्यक्रम सम्बन्धि रुप रेखा युवा संयोजक रबिन मगर द्वारा तयार गरि सचिवालयमा पेश गरिने निर्णय गरियो .

**बिबिध**

**क.रक्तदान कार्यक्रमको समिक्षा सम्बन्धमा ।**

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतारमा स्थापित ६८ वटा नेपाली संघ संस्थाहरुको सयुक्त आयोजनामा ३० अक्टोबर २०२०, शुक्रबारका दिन हमाद मेडिकल कर्पोरेसन, रक्त संकलन केन्द्रको परिसरमा सम्पन्न रक्तदान कार्यक्रम उत्कृस्ट भएको समिक्षा गर्दै सहभागी सबैलाई धन्यबाद ब्यक्त गरियो ।

➤ **उन्नाईसौं सचिवालय बैठक :**

मिति २६ नोभेम्बर २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका उन्नाइसौ सचिबालय बैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**बैठकका कार्यसुची र निर्णयहरु :**

१) **आइसीसीको कोभिड १९ परियोजना सम्बन्धमा**

कोरना भाइरसको प्रभाबले प्रबासमा समस्यामा परेका नेपालि श्रमिकहरुको सहयोगको लागि संचालित परियोजनाले हाल कतारमा गरिरहेको कार्यहरुको बारेमा छलफल गर्दै यो परियोजनाको विभिन्न शिर्सकमा श्रमिकहरुको सहयोग गर्न आइसीसी बाट विनियोजित रकम हरुलाई सहि सद'पयोग गर्न दोहामा रहेका संघ सस्था र सामाजिक अभियन्ता ज्युहरुसंग समन्वय गरि परियोजना अगाडी बढाइने निर्णय गरियो

२) **युवा सम्मेलन सम्बन्धमा**

अठारौ सचिबालय द्वार निर्णय गरिएको युवा सम्मेलन एनसीसीको आ ँनै विभिन्न कार्यक्रमह? रहेको ह'नाले र तयारीका लागि समय अभाब भएकाले य'वा सम्मेलन कार्यक्रमलाई थप ब्यबःथित र उपधीम'लक बनाउन यहाको य'वा बर्गलाई बिशेस लक्षित गरेर सचेतना सहित बर्तमान बदि्लएको यहाको कान'न र प्रकियामा केन्द्रित रहदै सम्मेलन भब्य रुपमा सम्पन्न गर्ने उदेश्य सहित आउदो जनवरी ८ तारिक २०२१ मा गरिने निर्णय गरियो

३) **बिबिध**

आइसीसीले निर्णय गरे अनुरुप सदस्य शुल्क निशुल्क रहने भन्ने बिषयमा अझै पनि बृहत छलफल गरेर दोहाको एनसीसीलाई कसरी संचालन गर्न सकिन्छ भन्ने बिषयमा यहा रहेका सामाजिक अभियन्ताह? संग बिशेस छलफल र राय सुझाब संकलन गरेर आइसीसीमा पाईने र त्यसको लागि एउटा समिति तयार गरिने भन्ने निर्णय गरियो

➤ **२० औ सचिवालय बैठक :**

मिति २९ डिसेम्बर २०२० का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका २० औ सचिबालय बैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु**

**१) एनसीसी कतारको लेखा संयोजक मुक्तार आलम ज्युको बुवाको निधनमा शोक प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताब नम्बर १ माथी बृहत् छलफल गर्दा एनसीसी कतारको लेखा संयोजक मुक्तार आलम ज्युको बुवाको असमायिक निधन प्रती गहिरो समबेदना प्रकट गर्दै शोक प्रस्ताब पारित गरियो ।

**२) एनसीसी कतारको ८ जनवरी २०२१ मा गरिने भनिएको युवा सम्मेलन सम्बन्धमा ।**

प्रस्ताब नम्बर २ माथी बृहत् छलफल गर्दा एनसीसी कतारको १९ औ सचिबालय वैठकद्वारा ८ जनवरी २०२१ मा आयोजना गरिने भनेको युवा सम्मेलन हाललाई स्थगित गरिने सर्बसम्मत निर्णय गरियो ।

**३) एनसीसी कतारको वेबसाइट नवीकरण सम्बन्धमा ।**

प्रस्ताब नम्बर ३ माथी बृहत् छलफल गर्दा एनसीसी कतारको अफिसियल वेबसाइट २०२१ का लागि १ बर्ष नवीकरण गरिने र उक्त नवीकरणमा लाग्ने नेपाली रुपैयाा १७५०० नेपाल स्थित वेबसाइट डेभलपर स^ट नेपालको खातामा यथाशिघ्र जम्मा गरिने निर्णय गरियो ।

**४) जनवरी २३ र २४ मा हुने आईसिको विशेष महाधिवेशन सम्बन्धमा ।**

प्रस्ताब नम्बर ४ माथी बृहत् छलफल गर्दा मिति २३ र २४ जनवरी २०२१ मा हुन गैईरहेको आईसीसीको विशेष महाधिवेशनमा सहभागीताको लागि आईसीसीको निर्देशन अनुसार मभष्निबतभक पठाइने र उक्त विशेष महाधिवेशनमा हुने आईसीसीको बिधान संसोधनमा एनसीसी कतारको आधिकारिक संसोधन सुझाव कतार स्थित गैरआवासीय अभियान्ताहरुको सुझाव संकलन पश्चात् पठाइने निर्णय गरियो ।

➢ **२१ औ सचिवालय बैठक :**

मिति २७ मार्च २०२१ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका २१ औ_सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु**

**१) एनसीसी प्रथम उपाध्यक्ष उत्तम गुरुङ ज्युलाई कतार सरकारको वाक्रा डिपोर्टेसन सेन्टरले तत्काल कतार छाड्ने दिएको आदेश सम्बन्धमा ।**

प्रस्ताब-१ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा हालै कतार सरकारको वक्रा डिपोर्टेसन सेन्टर बाट एनसीसी प्रथम उपाध्यक्ष उत्तम गुरुङ ज्युलाई बिना कसुर,कहि कतै सम्लग्न नरहेको घटनाको अभियोगमा डिपोर्टेसन हुन पर्ने बाध्य भएकाले उहाको डिपोर्टेसन रोक्न का लागि एनसीसीको तर्फबाट आधिकारिक रुपमा नेपाली नियोग कतारलाई अपिल गर्ने र कतारमा रहनुहुने आईसीसी पदाधिकारीहरु र एनसीसी प्रतिनिधिहरु सहितको मभभिनबतभक नेपालि दूतावासमा मभभिनबतष्यल जाने निर्णय गरियो ।

**२) आईसीसी मध्यपुर्ब युवा समिती द्वारा एनसीसी कतारलाई प्राप्त पत्र सम्बन्धमा ।**

प्रस्ताब-२ मा प्रस्तावित प्रस्ताव माथी बृहत् छलफल गर्दा २४ मार्च २०२१ मा गैरआवासिय नेपालि संघ मध्यपुर्ब युवा समिती द्वारा २४ मार्च २०२१ मा एनसीसी कतारलाई प्राप्त पत्र अनुसार आउदो १६ र १७ अप्रिल २०२१ मा हुन गैरहेको एनआरएन ग्लोबल सिङ्गिङ आईडल कार्यक्रमको एनसीसी कतार जयकत अयगलतचथ बनिदिन गरिएको अनुरोधलाई स्विकार्दै २१ औ सचिबालय बैठक मार्फत एनसीसी द्धित्तिय उपाध्यक्ष कुमार खड्काको नेतृत्वमा ५ सदस्यीय ब्यवस्थापन उप समिती बनाई उक्त कार्यक्रम सफल बनाउन सहयोग गरिने निर्णय गरियो ।

## ➢ २२ औ सचिवालय बैठक :

मिति ६ मे २०२१ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका २२ औ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु**

**१) एनसीसी कतारको २०२१-२०२३ कार्यकालको लागि अनलाइन आबेदन दिई पन्जिकृत सदस्य बन्ने आबेदकहरुको पन्जिकृत सदस्य शुल्क संकलनका लागि एनसीसी प्रतिनिधिहरु खटाईने सम्बन्धमा ।**

प्रस्ताब-१ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको तेस्रो तथा अन्तिम परिषद भेलाको निर्णय अनुसार खुल्ला गरिएको पन्जिकृत सदस्यहरुको आबेदन अनुसार प्रमाणित भएका पन्जिकृत सदस्यहरुको सदस्यता शुल्क सहजरुपमा संकलन गर्नका लागि तल उल्लेखित प्रतिनिधिहरुलाई देहायबमोजिम खटाइने निर्णय गरियो ।

१) कुमार खड्का - प्रदेश नम्बर १
२) मोहमद तान्बिर/ अब्देश मण्डल - प्रदेश नम्बर २
३) पदम गिरी/ बिनोद प्रसाद बसौला - बाग्मती प्रदेश
४) बिनोद बसौला/ मिनराज वाग्ले - गण्डकी प्रदेश
५) मो.मुक्तदा मुसलमान / भ्फबिन्द्र आचार्य - लुम्बिनी प्रदेश
६) मो. मुक्तदा मुसल्मान/ सेवक बि क - कर्णाली/ सुदुर पश्चिम् प्रदेश

**२) एनआरएनए मध्यपुर्ब द्वारा आईसीसीको कोभिड -१९ राहतकोषमा आर्थिक सहयोग गर्न एनसीसीहरुलाई गरिएको अनुरोध सम्बन्धमा ।**

प्रस्ताब-२ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा विश्व भरी महामारीको रुपमा फैलिएको कोरना भाइरसको दोस्रो भेरियन्टले नेपालमा ठुलो असर गरि धेरै नेपालीहरुले उपचारको क्रममा अक्सिजनको अभावले ज्यान गुमाउन परेको अवस्थामा गैरआवासिय नेपाली संघले शुरु गरेको कोरना रहात कोषमा सहयोग गर्न एनआरएनए मध्यपुर्बले सबै एनसीसीमा अभियानको रुपमा आर्थिक संकलनको अपीलमा एनसीसी कतारले सस्थागत ३ लाख नेपाली सहयोग गर्ने उक्त अभियानमा सहयोगका लागि कतारमा स्थापित संघ सस्थाहरुसबैलाई सहयोगको अपिल गरिने सर्बसम्मत निर्णय गरियो ।

**३) एनसीसी कतार द्वारा इद उल फितरको शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिने सम्बन्धमा ।**

प्रस्ताब-३ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा ईस्लाम धर्मावलम्बीको महान पर्व इद उल फितरको अवसरमा एनसीसी कतार द्वारा कतारमा स्थापित नेपाली संघ सस्थाहरु बिच शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरिने सर्बसम्मत निर्णय गरियो। र सोही कार्यक्रमका मध्यपुर्ब एनआरएन द्वारा अघि सारिएको **"अक्सिजन सिलिन्डर नेपाल पठाउ, आफन्तको ज्यान बचाउ"** भन्ने अभियानमा एनसीसी द्वारा आर्थिक सहयोग सन्कलन को कार्यक्रम अघि सारिएको जानकारी गराइएको थियो ।

## ➢ २३ औ सचिवालय बैठक :

मिति १ जुन २०२१ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका २३ औ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु**

**१) पञ्जिकृत सदस्यहरुको शुल्क संकलनको मिति थप गर्ने सम्बन्धमा ।**

प्रस्ताव-१ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसिसी कतारको २३ अप्रिल २०२१ मा सम्पन्न तेस्रो तथा अन्तिम परिषद भेलाको निर्णय अनुसार एनसीसी कतारको २०२१-२०२३ कार्यकालको परिषद सदस्यमा आबेदन दिने पन्जिकृत सदस्य हरुको शुल्क भुक्तानी गर्ने अन्तिम मिति ०४ जुन २०२१ सम्म भनी सार्बजनिक सुचना जारी गरिएको भएता पनी प्रारम्भिक नामावलीमा केही आबेदकहरुको आबेदन दोहोरिएको पाईएको र सोका लागि सम्बन्धित व्यक्तिहरुलाई जानकारी गराइएको र सदस्यता शुल्क भुक्तानीको लागि थप समय आवश्यक देखिएकाले मिति ९ जुन २०२१ बेलुकी ७:०० बजे सम्म समय थप गर्ने सर्बसम्मत निर्णय गरियो ।

**२) एनसीसी कतारको २०२१-२०२३ कार्यकालको निर्बाचन समितिहरुको नाम अनुमोदन सम्बब्धमा ।**

प्रस्ताव-२ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा गैरआवसिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको नवौं माहाधिबेसन मार्फत २०२१-२०२३ कार्यकालका लागि नया कार्यसमिति चयन प्रक्रिया सप्पन्न गर्न मिति २३ अप्रिल २०२१ मा सम्पन्न तेस्रो तथा अन्तिम परिषद भेला द्वारा गठित निर्वाचन समितिका संयोजक रमेश भट्ट ज्युले तपसिल बमोजिमको सदस्यहरु मनोनयन गरि निर्बाचन समितिलाई पुर्णता दिनुभएको जानकारी जानकारी गराउनुभएको सबैमा जानकारी गराईयो ।

निर्बाचन समिति

१. संयोजक : श्री रमेश भट्ट
२. सदस्य : श्री शिब कुमार भुजेल
३. सदस्य : श्री केदार नाथ भुषाल
४ सदस्य : श्री थम कुमार गिरी
५. सदस्य : श्री शेख शहनवाज
६. सदस्य : श्री हिराधन राई
७) सदस्य : श्री सिताराम थापा

## ➢ २४ औ सचिवालय बैठक :

मिति २ जुलाई २०२१ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका २४ औ सचिबालय वैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**वैठकका कार्यसुची र निर्णयहरु**

**१) एनसीसी कतारको आसन्न नबौ माहाधिबेसन बाट चयन हुने कार्यसमिती र दशौ अन्तर्राष्ट्रिय माहाधिबेसन प्रतिनिधि छनौटका लागि हुने निर्बाचनको पर्यबेक्षक सम्बन्धमा ।**

प्रस्ताव-१ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा मिति ९ जुलाई २०२१ मा हुन गैरहेको एनसीसी कतारको २०२१-२०२३ कार्यकालको कार्यसमिती चयन प्रक्रियामा आईसीसी द्वारा जारी एनसीसी हरुको कार्यसमिती चयन सम्पन गर्ने नियमावली अनुसार देहाय बमोजिम पर्यबेक्षक राखिने सर्बसम्मत निर्णय गरियो ।

१) श्री आर के शर्मा - आईसीसी सचिब
२) श्री टि बि कार्की - आईसीसी सल्लाहकार
३) श्री प्रबिण गुरुङ - आईसीसी मध्यपुर्ब संयोजक
४) श्री राजु रेग्मी - आईसीसी मध्यपुर्ब युवा संयोजक
५) श्री अब्दुल बसिद - आईसीसी सदस्य

**२) एनसीसी कतारको आसन्न निर्वाचन प्रक्रियामा प्रयोग हुने भोटिङ स^ट्वेयर कम्पनी शीत कन्ट्रयाक सम्बन्धमा ।**

प्रस्ताव-२ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको आसन्न नबौ महाधिवेशन बाट चयन हुने कार्यसमितिको लागि कायम रहेको उम्मेदवारहरु र दशौ अन्तर्राष्ट्रिय महाधिवेशनमा कतारबाट चयन हुने प्रतिनिधिहरुको छनौटका लागि अनलाइन भोटिङ्ग गर्नका लागि ५ जुलाई २०२१ का दिन आईसीसीबाट सिफारिस गरिएको अमेरिका स्थित नेपा आई टि शीत Evoting का लागि सम्झौता गर्ने निर्णय गरियो ।

**३) आसन्न एनसिसी निर्बाचन प्रक्रिया र कार्यसमिति छनौट प्रक्रिया सम्बन्धि जानकारी सम्बन्धमा ।**

प्रस्ताव-३ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कतारको आसन्न नबौ महाधिवेशन बाट चयन हुने कार्यसमितिको लागि एनआरएनए अभियान्ताहरुको अनुरोध र बिद्यमान परिस्थितिलाई मध्यनजर गर्दै हाल सम्म कायम रहेको उम्मेदवारहरु बिच अधिकतम सहमतिका लागि प्रयास भैइरहेको र आमसहमतिलाई सहज गर्नका लागि एनसीसी कतारको बिधानमा ब्यवस्था भएको कार्यसमितिको पदाधिकारी मध्ये तृतिय उपाध्यक्ष र एक सचिब थप गरि बिधान संसोधन प्रस्ताब महाधिवेशनमा अनुमोदनका लागि प्रस्तुत गर्ने निर्णय गरियो ।

**४) विविध**

विविध मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा ९ जुलाई २०२१ मा हुन गैरहेको एनसीसी कतारको २०२१-२०२३ कार्यकालको कार्यसमिती चयन प्रक्रियामा आईसीसी द्वारा जारी एनसीसी हरुको कार्यसमिती चयन सम्पन गर्ने नियमावली अनुसार निर्वाचन अनुगमनको लागि प्रतिनिधि खटाईदिनका लागि क्षेत्रीय संयोजकलाई एनसीसी बाट पत्राचार गरिने निर्णय गरियो ।

## ➢ <u>२५ औ सचिवालय बैठक :</u>

मिति १५ जुलाई २०२१ का दिन गैरआवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका २५ औ सचिबालय बैठक संस्थाका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको अध्यक्षतामा निम्न उल्लेखित कार्यसुची माथि छलफल र निर्णय गरि सम्पन्न गरियो ।

**<u>वैठकका कार्यसुची र निर्णयहरु</u>**

**१) एनसीसी कतारको नवौ महाधिवेशनमा प्रस्तुत हुने आर्थिक तथा संगठानिक प्रतिबेदन अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव-१ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा एनसीसी कोषाध्यक्ष बिनोद बसौंलाले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन र महासचिव पदम गिरीले प्रस्तुत गर्नुभएको सागठनिक प्रतिवेदन उपर छलफल गर्दै सर्बसम्मत पास गर्ने निर्णय गरियो ।

**२) एनसीसी कतारको दशौ संसोधित बिधानमा ब्यवस्था भएको कार्यसमितिमा २ वटा पद तृतीय उपाध्यक्ष र सचिब थप गर्न संसोधन प्रस्ताब पेश सम्बन्धमा ।**

प्रस्ताब-२ मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा विषम परिस्थितिमा कार्यसमिति सर्वसम्मत निर्वाचित गर्नुपर्ने अवस्थालाई समेत मध्य नजर गर्दै नवौं महाधिवेशन बाट संस्थाको तितृय उपाध्यक्ष र सचीव पद थप गर्न महाधिबेशनमा प्रस्ताव गर्ने निर्णय गरियो ।

**३) एनसीसी कतारको २०२१-२०२३ कार्यकालको अनुशासन समिती सम्बन्धमा ।**

मा प्रस्ताबित माथी बृहत्छलफल गर्दा एनसिसी कतारको बिधान २००३ नवौ संसोधित बिधानको परिच्छेद ७ को २५ मा व्यवस्था भए अनुसार एनसीसी कतारको २०२१- २०२३ कार्यकालका लागि अनुशासन तथा अनुगमन समितिमा आइसिसी मानार्थ परिषद सदस्य बिल गुरुङ ज्युको संयोजकत्वमा क्रान्ति सिह र प्रेम बिक सदस्य रहने गरि अनुशासन समिती गठनको लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

**४) विविध**

विविध मा प्रस्तावित प्रस्ताब माथी बृहत् छलफल गर्दा कतारको विषम परिस्थितिलाई मध्यनजर गर्दै कार्यसमितिलाई सर्वसम्मत चयन गर्न महत्त्वपूर्ण भुमिका खेल्ने निर्वाचन समिती, एनआरएनए अभियानता र आकाक्षी उम्मेदवारमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## ग) बिबिध कार्यक्रमहरु :

**१) २०१९ नोभेम्बर १ :** गैरआवासीय नेपाली संघ, रास्ट्रिय समन्वय परिषद कतारको आयोजनामा विभिन्न चाडपर्बको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ । नेपाली राजदुतावास कतारका राजदुत डा. नारदनाथ भारद्वाज वाग्ले ज्युको प्रमुख आतिथ्यतामा बिजया दशमी, तिहार, नेपाल संबत ११४०, छठ पर्व, बलिनाङ तङनाम लगायतका पर्वहरुको उपलक्ष्यमा शुक्रबार नेपाली राजदुतावासमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा कतार स्थित नेपाली राजदूतावास परिवार, एनआरएनए आइसिसी, एनसिसि लगायत कतारमा स्थापित सम्पुर्ण संघसंस्थाका प्रमुख एवं प्रतिनिधि ज्युहरुको सहभागिता रहेको थियो ।

**२) २०१९ नोभेम्बर १ :** गैरआवासिय नेपाली संघ, रास्ट्रिय समन्वय परिषद कतारको सदस्यता परिचयपत्र पहिलो चरणमा युनिक नेपाली रेष्टुरेन्टमा वितरण गरिएको थियो ।

**३) २०१९ नोभेम्बर ८ :** गैरआवासिय नेपाली संघ, रास्ट्रिय समन्वय परिषद कतारको सदस्यता परिचयपत्र दोस्रो चरणमा युनिक नेपाली रेष्टुरेन्टमा वितरण गरिएको थियो ।

**४) २०१९ नोभेम्बर २२ :** गैरआवासिय नेपाली संघ, रास्ट्रिय समन्वय परिषद कतारको सदस्यता परिचयपत्र तेस्रो चरणमा मण्डला नेपाली रेष्टुरेन्टमा वितरण गरिएको थियो ।

**५) २०१९ नोभेम्बर २५:** गैरआवासिय नेपालीगैरआवासीय नेपाली संघ, रास्टिय समन्वय परिषद कतारको आयोजनामा "साईबर सुरक्षा सचेतना तथा प्रशिक्षण कार्यक्रम-२०१९" आइतबार सांझ कतारको दोहामा सम्पन्न भएको थियो । साईबर सुरक्षा विज्ञ डा. रामहरि सुवेदी ज्युको दोहामा परेको ट्रान्जिटको समयलाई सदुपयोग गर्दै एनसीसी कतारले आयोजना गरेको कार्यक्रममा उल्लेख्य सहभागीता रहेको थियो । कार्यक्रममा कतार बासी सम्पुर्ण नेपालीको अभिवावक नेपाली राजदुतावास दोहा कतारका महामहिम राजदुत डा. नारदनाथ भारद्वाज वाग्ले ज्यु, नेपाली दूतावास परिवार, गैरआवासीय नेपाली संघका सल्लाहकार, मध्यपुर्व संयोजक, आइसिसी सदस्युहरु, एनआरएनका अभियानता, बैचारिक संगठन प्रमुख एवं प्रतिनिधिहरु, कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, पत्रकार मित्रहरू लगायतको उपस्थित रहेको थियो । सो कार्यक्रममा दैनिक जीवन संग जोडिएको इन्टरनेटको प्रयोग संगै अपनाउनु पर्ने सावधानीका बारेमा प्रशिक्षक साईबर सुरक्षा विज्ञ डा. रामहरि सुवेदी ज्युले महत्वपूर्ण जानकारी गराउनुभएको थियो ।

६) **२०१९ डिसेम्बर ४ एनआरएनए कतारद्वारा बार्षिक कार्ययोजनाका लागी सुझाव संकलन** : गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार द्वारा २०१९(२१ कार्यकालका लागि कार्ययोजना तयार गरिरहेको अवस्थामा दोहामा स्थापित नेपाली संघसंस्थाहरु बिच छलफल तथा सुझाब संकलन गरेको थियो ।

**<u>सो कार्यक्रममा सहभागीहरु बाट मुख्य रुपमा निम्न सुझावहरु प्राप्त भएको थियो ।</u>**

- नेपालका राष्ट्रिय पर्वहरु मनाउदा एनआरएनले नेतृत्व गरेर सम्पुर्ण संघसंस्थाको सहभागीतामा संयुक्त कार्यक्रम गर्ने ।
- नेपाल भ्रमण बर्ष २०२० सफल पार्नको लागि नेपाली राजदूतावास संगै एनआरएनले गर्ने रचनात्मक तथा प्रचारप्रसारका कार्यक्रममा सक्रिय सहभागीता जनाउने ।
- श्रमिकको समस्या प्रमुख मुद्धा बन्दै गएको अवश्थामा वैदेशिक रोजगारीमा आउन चाहने युवायुवतीलाई आउनुपुर्व नेपाल देखिनै सचेतना कार्यक्रम गर्नुपर्ने । साथै कतारमा विभिन्न कुलतमा संलग्न रहेका तथा सामाजिक विकृती बढेको भन्दै सचेतना कार्यक्रम अत्यावश्यक रहेकोले उपर्युक्त समयमा सचेतना कार्यक्रम गर्ने ।

बिगतमा एनआरएनले आफ्नो तरिकाले बार्षिक क्यालेन्डर तयार गर्दा केही बिबाद हुने गरेको भन्दै वर्तमान कार्य समितिले सबैको सुझाव संकलन गरेको भन्दै सहभागीले धन्यवाद ज्ञापन गरेका थिए ।

७) **१३ डिसेम्बर, २०१९ :** एनाआरएनए कतारको १७ औं स्थापना दिवस भब्य रूपमा सम्पन्न । गैरआवसिय नेपाली संघ, रास्टिय समन्वय परिषद कतारको १७ औं स्थापना दिवस तथा सम्मान कार्यक्रम भव्य रुपमा सम्पन्न भएको थियो । नेपाली राजदुताबासका महामहिम राजदुत नाराद भारद्वाजको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नबनिर्बाचित एनआरएन आइसिसि सचिव राजेन्द्र कुमार शर्मा, आइसिसी सल्लाहकार टिबि कार्की, मध्यपुर्व संयोजक प्रविन गुरुङ्ग, मध्य पुर्व सह-संयोजकमा निर्वाचित राजेन्द्र अर्याल जोन, एनआरएनए मध्यपुर्व युवा संयोजकमा राज रेग्मी तथा आइसिसी सदस्यहरु कतारबाट रमेश भट्ट, होमनाथ शर्मा, युवराज शर्मा र केवि हमाल ज्युलाई सम्मान गरिएको थियो ।

८) **१८ डिसेम्बर, २०१९ :** हाम्रो कर्मभूमि एवं मित्रराष्ट्र कतारको राष्ट्रिय दिवस डिसेम्बर १८ का दिन नेपाली समुदायको उल्लेखनीय सहभागिता रहको थियो । मौसम प्रतिकुलताका बिच नेपाली समुदायको तर्फबाट कतारको अलखोर, साहानिया, एसियन टाउन, लेबर सिटि, एक्वा पार्क र बारुवा अल बारा गरि विभिन्न ६ स्थानमा स्थानिय नेपाली कलाकारहरुको सांगितिक प्रस्तुति रहेको थियो भने एसियन टाउनको क्रीकेट स्टिडियममा सम्पन्न परेड कार्यक्रममा नेपाली संस्कृती झल्कने पोसाक सहित उलेख्य सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

९) **२०१९ डिसेम्बर ३१ : भ्रमण बर्षको लागि एनआरएनए कतारद्वार हेल्प डेस्क स्थापना :** गैरआवासीय नेपाली संघ राष्टिय समन्वय परिषद कतारले नेपाल भ्रमण बर्ष सन् २०२० को लागि हेल्प डेस्क स्थापना गरेको थियो । नेपाली राजदुतावास कतारमा मंगलबार साझ एक कार्यक्रमका बिच कतारका लागी नेपाली राजदुत डा. नारदनाथ भारद्वाज वाग्लेले हेल्प डेस्कको उद्धाटन गर्नुभएको थियो । नेपाली राजदुतावासमा स्थापना गरिएको हेल्प डेस्कले खास गरि दूतावासमा आउनुहुने ब्याक्तित्व जो कतार वा अन्य देशको हुनुहुन्छ उहाालाई भिसा प्रक्रिया बारे जानकारी तथा नेपाल सरकारले तयार गरेको क्याटलक दिने र बुझाउने काम भएको थियो । हेल्प डेस्क नेपाली दूतावासकै समयमा खुल्ने र बन्द हुने जहा नियमित दूतावासकै कर्मचारी संगै भोलीएन्टर रुपमा एनआरएनए एनसिसि बाट पनि खटाइएको थियो । यसको प्रमुख उदेश्य नेपाल सरकारले घोषणा गरेको भ्रमण बर्ष २०२० लाई सफल बनाउनु रहेको थियो ।

१०) **०९ जनवरी, २०२० : नेपाल भ्रमण बर्षको प्रचार प्रसार कार्यक्रम** : नेपाली राजदुतावास कतार र गैर आवासीय नेपाली संघ रास्टिय समन्वय परिषद कतारले कतारको कर्नेसमा परेड गरिएको थियो । नेपाल भ्रमण बर्ष सन् २०२० को प्रचारप्रसारको लागि आयोजना गरेको परेडमा कतारका लागी नेपाली राजदुत डा. नारदनाथ भारद्वाज वाग्ले संगै एनआरएन अभियन्ता तथा कतारमा स्थापित विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको बाक्लो सहभागिता रहेको थियो । करिब ५ किलोमीटर परेड समापन पछि बोल्दै राजदुत भारद्वाजले भ्रमण बर्षको अवधीमा

प्रत्येक नेपालीले कतारी संगै यहा कार्यरत अन्य देशका ब्यक्तिहरुलाई नेपाल पठाउन सके नेपाल भ्रमण बर्ष सफल हुने बताउनुभयो । साथै उहाले कतारको ब्यस्त ठाउमा गरिएको परेडले भ्रमण बर्षको लागी टेवा पुग्ने भन्दै यो अवसर प्रदान गरेकोमा कतार सरकार र सुरक्षा निकायलाई धन्यवाद ज्ञापन गर्न'भएको थियो ।

कार्यक्रममा सहभागी ब्याक्तित्वलाई धन्यवाद ज्ञापन गर्दै एनआरएनए एनसिसि कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले नेपाल सरकारले घोषणा गरेको भ्रमण बर्ष सफल बनाउनु सबैको दायित्व रहेको भन्दै आफ्नो ठाउ बाट सहयोग गर्न आग्रह गर्न'भएको थियो ।

**११) २१ फेब्रुअरी, २०२० शुक्रबार दिन** शालिमार रेस्टुरेन्ट, नज्मामा एनसीसी कतार र कतारमा स्थापीत नेपाली संघ संस्थाहरुको संयुक्त आयोजनामा नया बर्ष बिक्रम सम्वत २०७७ को अवसरमा विशेष कार्यक्रम आयोजना गर्ने सम्बन्धमा तथा गैरआवसीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्देशन अनुसार नेपाल सरकारले अघि सारेको नेपाल भ्रमण बर्ष २०२० लाई सफल बनाउन हरेक एनसीसीले भ्रमण बर्ष २०२० को कार्यदल बनाउने विषयमा सुझाव र सल्लाहका लागि कतारमा स्थापित नेपाली संघसंस्थाका प्रतिनिधिहरु, सामाजिक अभियन्ता, ब्यवशायी र पत्रकारहरु बिच छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

**१२) स्वास्थ्य समाग्री वितरण :** बिश्वब्यापी महामारिको रुपमा देखा परेको कोरोना भाइरस ९ऋइख्ष्म(ज्ञढ० नियन्त्रणमा कतार सरकारले चालेको कदममा ऐक्यवद्धता जनाउदै गैर आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतार च्यारिटी मार्फत नेपाली कामदारहरु बस्ने क्याम्पहरुमा कोरोना भाइरसको सामना गर्न अति आवश्यक स्वास्थ्य समाग्रीहरु वितरण गरिएको छ । पहिलो चरण अर्न्तगत २२ र २३ मार्च २०२० मा दुखान, अल साहानिया र साउदी बोर्डर नजिकै ३५०० र २८ मार्च २०२० का दिन अबुनाखला क्षेत्रमा २००० स्वास्थ्य सामाग्रीहरु वितरण गरिएको थियो ।

**१३) बिश्वब्यापी रुपमा देखा परेको कोरना भाइरस (कोभिड-१९)** नियन्त्रणमा कतार सरकारले चालेको विभिन्न साबधानीहरु नेपाली समुदायले पालना गरिरहेको देखियो । यसै क्रममा यहा रहेका केहि नेपाली श्रमिकहरुमा खाद्यान्नको समस्या परेको जानकारी एनसीसी कतार प्राप्त भएकोले एनसीसी कतार द्वारा सार्बजनिक सूचना जारी गरि पीडित श्रमिकहरुको विवरण संकलन पश्चात् गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतार रेड क्रेसियन्ट मार्फत ३१ मार्च र १ अप्रिल २०२० का दिन पहिलो चरणमा दोहाको विभिन्न स्थानमा रहेका ३०० नेपाली पीडित श्रमिकहरुलाई राहत स्वरुप खाद्यान्न बितरण गरिएको थियो ।

**१४) सनैयाको लक डाउन क्षेत्रमा नेपालि समुदायको अवलोकन :** अप्रील १८ २०२० : कोरोना भाइरसका कारण बिगत एक महिना देखि लक डाउनमा रहेको कतारको सनैया (औद्योगिक क्षेत्र १ देखि ३२) सम्म को अबस्थाका बारेमा पहिलो पटक बिभिन्न समुदाय मिडिया र प्रतिनिधिहरुद्धारा अबलोकन गरिएको थियो । कतार सरकारका गृह मन्त्रालयका अधिकारीहरु र सुरक्षा अधिकारीहरुको अगुवाइमा भएको सो अबलोकन भ्रमणमा नेपालि समुदायका तर्फबाट गैर आवसीय नेपालि संघ राष्ट्रिय समन्वय परिषद कतारका उपाध्यक्ष कुमार खड्का, महासचिब पदम गिरी तथा राष्ट्रिय मानब अधिकार समिति कतारका प्रतिनिधि प्रो. रमजान अलि मियाको सहभागिता रहेको थियो । भ्रमणका क्रममा लक डाउनमा रहेका नेपालीहरुको स्वास्थ्य अबस्था, खाना , तलब लगायतका प्रत्यक्ष सरोकार राख्ने बिषयमा सोधपुछ गरिएको थियो । सो अवलोकनमा उक्त क्षेत्रमा किनमेलका लागि ग्रोसरिहरु, खाना खाने रेस्टुरेन्ट, पैसा पठाउने रेमिटान्सहरु र मेडिकल सपहरु खुल्ला रहेको, सो स्थानका कम्पनिलाई आफ्ना कामदारहरुलाई तलब दिलाउनका लागि सरकारी लेभल बाटै विशेष पहल गरिएको र लकडाउन क्षेत्र भित्रका मानिसहरु सोही क्षेत्रमा सहज रुपमा आवत जावत गर्न पाएको पनि जानकारी प्राप्त भएको थियो । दैनिक जसो सेनिटाइज गरि उक्त क्षेत्रलाई थप सुरक्षित रहेको सुनिस्चित गरी सरकारले बिस्तारै उक्त क्षेत्रलाइ खोल्ने तयारीमा रहेको समेत बताइएको थियो । करिब १२ किलोमिटर क्षेत्रमा रहेको उक्त एरियामा करिब १३००० टन भन्दा बढी फोहोर निकालिएको सुरक्षा अधिकारीहरुले जानकारी गराएका थिए ।

**१५) कोरोना भाइरस (कोभिड-१९) को प्रभाव र समस्या समाधान बारे छलफल** ०३ मे, २०२० : कोरना भाइरस ( कोभिड-१९) को महामारिले कतार स्थित नेपाली समुदायमा परेको असर प्रती एनसीसी कतारको भुमिका र आगामी दिनमा आउने सम्भाबित समस्याको समाधानका विषयमा कतारमा रहनुभएका आईसीसी पदाधिकारी

ज्युहरु सङ्ग एनसीसी कतारको विशेष छलफल सम्पन्न भएको छ। छलफलमा सहभागी आईसीसी सचिब आर के शर्मा, आईसीसी सल्लाहकार टि बि कार्की, आईसीसी मध्यपुर्ब संयोजक प्रबिण गुरुङ्ग, आईसीसी मध्यपुर्ब युवा संयोजक राज रेग्मी, आईसीसी मानार्थ परिषद सदस्यहरु कमलमणि गुरागाई, बिल बहादुर गुरुङ्ग, बिनोद भट्टराई, बिमल सुवेदी, एनसीसी अध्यक्ष मोहमद मुक्तदा मुसलमान र एनसीसी प्रथम उपाध्यक्ष एबम राहत तथा उद्धार समिती संयोजक उत्तम गुरुङ्ग ज्युको सहभागिता रहेको थियो।

**१६) कोरना महामारीले कतार स्थित नेपाली समुदायमा** परेको समस्याहरुलाई मध्यनजर गर्दै १४ अप्रिल, २०२० का दिन एनसीसी कतार द्वारा गठित र हाल संचालित हुदै आएको उद्धार तथा राहत बितरण समितिलाई अझ बढि सक्रिय, क्रियासिल र ब्यवश्थित बनाउन समितिलाई केही परिमार्जित र बिस्तारित गर्नु पर्ने आवस्यकता देखिएकोले निम्न अनुसारको समिति र जिम्मेवारी बाडफाड गरिएको थियो।

१) संयोजक श्री उत्तम गुरुङ्ग

२) उप(संयोजक : श्री झबिन्द्र आचार्य

३) सदस्य : श्री गजेन्द्र राई

४) सदस्य : श्री ज्वाला सिंह

५) सदस्य : श्री अब्दुल रजिक शेख

६) सदस्य : श्री राजु राई

७) सदस्य : श्री ललित तामाङ्ग

८) सदस्य : श्री प्रभात त्रिपाठी

९) सदस्य : श्री विजय बिक्रम बस्नेत

१०) सदस्य : श्री बुद्धि प्रसाद भण्डारी

११) सदस्य : श्री भिम तरामु मगर

१२) सदस्य : श्री चिन्ता मणि पौडेल

१३) सदस्य : श्री धर्म सिंह बि.क.

१४) सदस्य : श्री नानु घले

१५) सदस्य : श्री अर्जुन मुडवरी

१६) सदस्य : श्री नारायण ढुंगाना

१७) सदस्य : श्री आनन्द सुबेदी

१८) सदस्य : श्री प्रेम राज रिजाल

१९) सदस्य : श्री बुद्ध पाण्डे

२०) सदस्य : श्री कृष्ण पन्थी

२१) सदस्य : श्री पुर्ण पोखरिया

२२) सदस्य : श्री राकेश श्रेष्ठ

२३) सदस्य : श्री सबिन्‍ श्रेष्ठ

२४) सदस्य : श्री सुमन भारती

२५) सदस्य : श्री रमेश क्षेत्री

२६) सदस्य : श्री सन्तोष बान्तवा

२७) सदस्य : श्री डम्बर लिम्बु

२८) सदस्य : श्री शोभाकर भुसाल

२९) सदस्य : श्री राम हमाल

३०) सदस्य : श्री रोशन बि.क.

३१) सदस्य : श्री गम्भिर अधिकारि

३२) सदस्य : श्री पदम रानाभाट

३३) सदस्य : श्री सुदिप पाठक

३४) सदस्य : श्री सुनिल खतिवडा

३५) सदस्य : श्री प्रकाश ढकाल

**जिम्मेवारी बाडफाड :**

**क) राहत बितरणका लागि Excel sheet मा बिवरण अपडेट गर्ने :**

१) श्री उत्तम गुरुङ्ग

२) श्री पदम गिरी

३) श्री बिनोद बसौला

४) श्री अम्बिका खत्री

५) श्री राजु राई

६) श्री अब्दुल रजिक शेख

७)श्री एहसानुल्लाह मुसलमान

८) श्री महबूब आलम मलिक

**ख) राहत बितरणको बिवरण verify र checking गर्ने :**

१) श्री उत्तम गुरुङ्ग

२) श्री पदम गिरी

३) श्री बिनोद बसौला

४) श्री तानबिर रोजा

५) श्री अम्बिका खत्री

६) श्री नरेश श्रेष्ठ

७) श्री केशब राज कार्की

८) श्री ललित तामाङ्ग

९) श्री अब्दुल रजिक शेख

ग) राहत बितरणका लागि गाडि सहितको स्वयमसेबकहरु :

१) श्री कुमार खड्का

२) श्री बिनोद बसौला

३) श्री तानबिर रोजा

४) श्री रबिन मगर

५) श्री केशब राज कार्की

६) श्री भेषराज पराजुली

७) श्री गजेन्द्र राई

८) श्री अब्दुल रजिक शेख

९) श्री ज्वाला सिंह

१०) श्री प्रभात त्रिपाठी

११) श्री विजय बिक्रम बस्नेत

१२) श्री भिम तरामु मगर

१३) श्री चिन्ता मणि पौडेल

१४) श्री धर्म सिंह बि.क.

१५) श्री नानु घले

१६) श्री अर्जुन मुडवरी

१७) श्री कृष्ण पन्थी

१८) श्री पुर्ण पोखरिया

१९) श्री राकेश श्रेष्ठ

२०) श्री सबिन्द्र श्रेष्ठ

२१) श्री सुमन भारती

२२) श्री नारायण ढुंगाना

२३) श्री प्रेम राज रिजाल

२४) श्री आनन्द सुबेदी

२५) श्री रमेश क्षेत्री

२६) श्री सन्तोष बान्तवा

२७) श्री डम्बर लिम्बु

२८) श्री शोभाकर भुसाल

२९) श्री राम हमाल

३०) श्री रोशन बि.क.

३१) श्री गम्भिर अधिकारि

३२) श्री पदम रानाभाट

३३) श्री सुदिप पाठक

३४) श्री सुनिल खतिवडा

३५) श्री प्रकाश ढकाल

३६) श्री मसूद अजहर मुसलमान

३७) श्री एहसानुल्लाह मुसलमान

३८) श्री मोहम्मद अजPिम पठान

३९) श्री अख्तर अली खान

४०) श्री अलाउद्दीन मुसलमान

४१) श्री महबूब आलम मलिक

- कोभिड-१९ को महामारी नियन्त्रणमा कतार सरकारले चालेको बिभिन्न साबधानी कदमहरुको पालना गर्ने क्रममा कतारमा रहेका नेपाली श्रमजिबीहरुमा खाना-बस्नमा भएको समस्याहरुलाई समाधान गर्नका लागि एनसिसी कतारद्धारा गठित उद्धार तथा राहात बितरण समितिद्धारा नेपाली राजदुताबास र एनसिसी कतारको पहलमा कतार च्यारिटी, कतार रेडक्रेसेन्ट, बिभिन्न नेपाली संघसंस्थाहरु मार्फत प्राप्त खाद्यान्नको राहात प्याकेज र एनसिसी कतारको कोषबाट अहिलेसम्म २३ चरणमा ८००० भन्दा बढी नेपाली श्रमजिबी दिदीबहिनी तथा दाजुभाईहरुमा राहात स्वरुप खाद्यान्न बितरण गरिएको छ।

**१७) २९ जुन २०२० को एनसीसी कतारको एघारौ सचिबालय** मार्फत निर्मित स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा उद्धार समिति द्वारा लामो समय देखि हमद हस्पिटलमा स्वास्थ्य उपचार गराईरहनुभएका र नेपाल सरकारले व्यवस्था गरेको उद्धार चार्टरको प्राथमिकतामा परेर पनि आर्थिक स्थिति कमजोर भई हवाई टिकट जुटाउन नसकी अलपत्र परेका ४४ जना पिडित श्रमिकहरुलाई हवाई टिकट उपलब्ध गराएको छ। स्वदेश फिर्तिका लागि आर्थिक सहयोग तथा उद्धार समिति-२०२० कोरोना भाईरस (कोभिड-१९) को प्रभाबका कारण कतारमा रहेका नेपाली श्रमिकहरुले रोजगारी गुमाई बाध्यताबस स्वदेश फर्कन पर्ने अवस्थामा नेपाल सरकारले प्राथमिकताका आधारमा स्वदेश

फिर्ताका लागि व्यवस्थापन गरिएको चार्टर बिमान र हवाई टिकटको व्यवस्था गर्न नसकेका र कतारमा अलपत्र परेका नेपाली श्रमिकहरुको हवाई टिकट व्यवस्थापनका लागि नेपाली राजदूताबास, कतारको संरक्षकत्वमा गैरआवासिय नेपाली संघ, राष्ट्रिय समन्वयय परिषद र नेपाली व्यवसायी संघ कतारको पहलमा कतारमा रहनुहुने गैरआवसिय सामाजिक अभियन्ताहरु, प्रवासी नेपाली एकता मञ्च, जनसम्पर्क समिति र नेपाली समुदायका प्रतिनिधिहरुको सहमतिमा बनाईएको थियो ।

**१८) १४ सेप्टेम्बर २०२० मा एनसीसी कतार द्वारा जारी** गरिएको सुचना अनुसार कतारको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालय द्वारा कतारमा तत्काल बेरोजगार भैइ कामको खोजिमा रहेका विशेष गरि अदक्ष र अर्धदक्ष श्रमिकहरुलाई रोजगारी उपलब्ध गराउने उधेस्य अनुरुप एनसीसी कतार मार्फत नेपाली समुदायमा रहेका बेरोजगारी श्रमिकहरुको विवरण संकलनका लागि गुगल फर्म जारी गरि संकलन भएको विवरण अनुसार ११५० जना नेपाली श्रमिकहरुले रोजगारीको अवसर प्राप्त गरेका छन ।

**१९) कोरना विरुद्ध लड्न नेपाल सरकारले स्थापना गरेको आपतकालीन कोष**मा आईसीसीले सहयोग गर्ने प्रतिबद्धता र त्यस उपर सहयोग गर्न एनसीसीलाई गरिएको अनुरोध अनुसार एनसीसी कतार द्वारा आर्थिक सहयोग संकलन गरी नेपाली ९ लाख रुपैया आईसीसीको खातामा जम्मा गरिएको छ ।

**२०) कोरनाको महामारिमा कतारमा बस्नु हुने सम्पूर्ण नेपाली** दाजुभाई तथा दीदीबहिनीहरू कतारमा कोरोना संक्रमणबढ्दै गर्दा स्वास्थ्य सम्बन्धी उपचारमा कुनै विशेष सल्लाह सुझाव र परामर्श सेवा दिने उधेस्यले एनसीसी कतार द्वरा कतारमा विगत ८ बर्ष देखि फिजिशियन सेवा दिदै आउनु भएका ल्च्ल्ब नेयिदर्बा ल्भउबभिकभ ज्भबतिज ऋयक्ष्ततभभ मध्यपुर्व संयोजक डा. नितेश अर्याल ज्यू को सहयोगमा व्हाट्सएप परामर्श सेवा उपलब्ध गराएको थियो जसबाट ठूलो संख्यामा नेपाली श्रमिकहरुले सुबिधा लिनुभएको थियो ।

**२१) मिति ६ नोभेम्बर २०२०,** शुक्रबारका दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतार सरकारको प्रशासनिक विकास, श्रम र सामाजिक मामिला मन्त्रालय द्वारा कतार सरकारले जारी गरेको श्रमिकको न्यूनतम राष्ट्रिय ज्याला र कम्पनि परिवर्तन गर्ने सम्बन्धमा नयाा कानूनहरूको बारेमा नेपाली समुदायको लागि सचेतना कार्यक्रम २०२० सम्पन्न गरियो ।

**२२) मिति २० नोभेम्बर २०२०** मा एनसीसी कतार द्वारा जारी गरिएको सुचना अनुसार कतार च्यारिटी द्वारा नेपाली समुदायका परिवारहरुलाई खाद्यान्न (फुडकिट)सहयोग गर्नका लागि विवरण माग भए बमोजिम एनसीसी कतार मार्फत नेपाली परिवारहरुको विवरण संकलन गरि कतार च्यारिटीमा बुझाइएको थियो। उक्त बिबरण अनुसार कतार च्यारिटी स्वयंले सम्पर्क गरि परिवार सदस्यको आधारमा ३३ नेपालि परिवारलाई १३२ फुडकीट हस्तान्तरण गरिसकेको र सहयोगका लागि विवरण भरेका तर फुडकीट प्राप्त नगरेका नेपाली परिवारका लागि एनसीसी कतारको समन्वयमा आउदो १३ डिसेम्बर २०२० का बाढिने सुचना जारि गरेको छ ।

- कतार सरकारको सुप्रीम काउन्सिल द्वारा आप्रवासी समुदायको कम्युनिटी लिडरहरुलाई फिफा वर्ल्ड कप आयोजनाको पोलिसी र वर्ल्ड कप हुने रंगशाला भिजिट जानकारी र तालिम जस्ता कार्यक्रमहरुमा नेपाली समुदायको तर्फबाट एनसीसी अध्यक्ष, प्रथम उपाध्यक्ष र महासचिव विभिन्न चरणमा सहभागी भएको छ।
- कपिलबस्तु जिल्ला घर भएका मलेशियामा सेक्युरिटीमा कार्यरत श्याम चौधरी कुर्मी फेब्रुअरी २०२० मा दुर्घटनामा परि मृत्यु भएको खबर एनसीसी कतारमा आएपछी एनसीसी कतारका अध्यक्ष ज्युले एनआरएनए एसिया प्यासिफिक सह संयोजक खगेन्द्र न्यौपाने, एनसीसी मलेसिया र नेपाली दूतावास मलेसिया सङ समन्वय गरि मृतक शरीर ४ दिनमै घर सम्म पुर्याइएको थियो ।
- दुबईमा कार्यरत २ जना नेपाली श्रमिक निलम गर्तौला र राम कुमार थापा ८ महिना देखि तलब नपाई अलपत्र परेको र रोजगारदाता विरुद्ध केश गरेको तर केही सुनुवाइ नभएको गुनासो एनसीसी कतारमा आएपछि

एनसिसि एनसीसी युएई सङ्ग समन्वय गरि हवाई टिकत र पिसिआर टेस्ट गराई स्वदेश फिर्तिमा सहयोग गरेको थियो ।

- रोजगारिको सिलसिलामा साउदी अरब पुग्नु भएका झापा जिल्ला निबासी प्रकाश गुरुङ्ग २०१३ देखि साउदिको अस्पतालमा उपचाररत भैइरहेको अवस्थामा घर परिवारमा पनि सम्पर्क बिहिन भैरहदा साउदी अरब स्थिति नेपाली नियोगले निकालेको सुचनाको आधारमा एनसीसी कतारको सम्पर्कमा आएपछि साउदी स्थित नेपाली नियोग ,एनसीसी साउदी साथै गैरआवसिय नेपाली संघ मध्यपुर्ब उप संयोजक राजेन्द्र अर्याल ज्यु सङ्ग समन्वय गरि नेपाल पठाईएको थियो ।

## दोस्रो परिषद तथा बार्षिक भेला

मिति ११ डिसेम्बर २०२० का दिन गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको बिधान -२००३ को नबौ संसोधन को परिच्छेद ६ मा व्यवस्था भए अनुसार एनसीसी कतारको दोस्रो परिषद भेला कतार स्थित नेपाली दुताबासको सभाहलबाट भर्चुअल अनलाईन जुम मार्फत नेपाली राजदुत महामहिम डा. नारदनाथ भारद्वाज ज्युको प्रमुख आथित्यतामा सम्पन भएको थियो। भेलाले एनसीसीको बार्शिक साङठनिक प्रतिबेदन,आर्थिक प्रतिबेन र बिभागिय प्रतिबेदनहरु प्रस्तुत गरि सर्बसम्मत पारित गरेको थियो ।

## निशुल्क स्वास्थ्य परिक्षण

मिति २८ डिसेम्बर २०२० का दिन एनसीसी कतारको समन्वयमा कान्तिपुर मेडिकल सेन्टर र मिति २२ जनवरी २०२१ देखि २८ जनवरी २०२१ सम्म एसियन मेडिकल सेन्टर मा नेपाली श्रमिकहरुका लागि निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न भएको थियो उक्त परिक्षण कार्यक्रममा अधिकतम नेपाली दाजुभाइ दिदिबहिनीहरु सहभागी भैइ स्वास्थ्य लाभ गरेका थिए ।

## नेपाली समुदायको लागि सचेतना कार्यक्रम

मिति २९ जनवरी २०२१, शुक्रबारका दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतार सरकारको प्रशासनिक विकास, श्रम र सामाजिक मामिला मन्त्रालय द्वारा कतार सरकारले जारी गरेको श्रमिकको न्यूनतम राष्ट्रिय ज्याला र कम्पनि परिवर्तन गर्ने सम्बन्धमा नयाा कानूनहरूको बारेमा नेपाली समुदायको लागि सचेतना कार्यक्रम श्इइः इलष्लिभ मार्फत सम्पन्न भएको थियो। कार्यक्रममा नेपालि दूतावास, कतार सरकारको सम्बन्धित मन्त्रालयका अधिकारी ज्युहरु, एनआरएनए आईसीसी, एनसीसी अभियन्ता ज्युहरु,कतारमा स्थापित नेपाली संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्युहरुको उपस्थिति र भर्चुअल अनलाइन मार्फत उल्लेखनीय नेपाली श्रमिकहरुको सहभागिता रहेको थियो ।

## युवा सम्मेलन सम्पन्न

मिति ०५ मार्च २०२१, शुक्रबारका दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको युवा बिभाग द्वारा "नेपालको दिगो बिकाश र समृद्धिका लागि प्रवासी युवाहरुको भुमिका" भन्ने नाराको साथ आयोजित राष्ट्रिय युवा सम्मेलन २०२१ कार्यक्रम ZOOM Online मार्फत सम्पन्न भएको थियो। कार्यक्रममा नेपालि दूतावास कतार, गैरआवसिय संघका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पदाधिकारी ज्यूहरु, कतारमा स्थापित नेपाली संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्युहरु, पत्रकार ज्यूहरु, युवा खेलाडी तथा बिद्यार्थी भाईबहिनिहरुको उल्लेखनीय सहभागी रहेको थियो ।

## सास्कृतिक प्रस्तुतिमा सहभागी सस्थाहरुलाई रकम हस्तान्तरण

मिति २२ अप्रिल २०२१ का दिन IAAF Chamionship,FIFA Club World Cup & Qatar National Day- 2019 मा कतारमा रहेका विभिन्न समुदायहरुले प्रस्तुत गरेको सास्कृतिक प्रस्तुतिहरुमा एनसीसी कतारको प्रतिनिधित्व गरि सास्कृतिक प्रस्तुति दिने कतारका १३ वटा सस्थाहरु बिस्वकर्मा सेवा समाज कतार, प्रबासी तामांग समाज कतार, राष्ट्रिय लोक तथा दोहारी गित प्रतिष्ठान कतार, प्रबासी मगर समाज कतार, सन्ध्या ग्रुप कतार, तमु प्लेहु संघ कतार, भुजेल सेवा समाज कतार,तमु गुरुङ समाज कतार, सुनुवार सेवा समाज कतार, तमांग घेधुग संघ कतार, नेपालि कला केन्, किरात याक्थुंग चुम्लुंग कतार र किरात राई योयोखालाई सस्थागत करी १००० का दरले जम्मा करी १३००० हस्तान्तरण गरिएको छ ।

**समस्यामा परेका नेपालि श्रमिकहरुलाई हवाई टिकट उपलब्ध**

नेपालि नेपालि दुताबासको संरक्षण, एनसीसी सम्योजकत्व र नेपालि ब्यावसायी संघ कतार को समन्वयमा गठित स्वदेशफिर्तिका लागि आर्थिक सहयोग तथा राहत समितीले दोस्रो परिषद भेला पहिले ५५ जना र भेला पश्चात ९ जना गरि हाल सम्म ६४ जना समस्यामा परेका नेपालि श्रमिकहरुलाई हवाई टिकट उपलब्ध गराई स्वदेशफिर्ती गरेको छ ।

- **आईसिसी द्वारा संचालित कोभिड -१९ परियोजना**

गैरआवासिय नेपाली संघ अन्तरास्ट्रिय समन्वय परिषद द्वारा मध्यपुर्बका देशहरुमा संचालित कोभिड -१९ परियोजना अन्तर्गत एनसीसी कतारको मातहतमा हाल निरन्तर भैइरहेको परियोजनामा आईसीसीको मापदण्ड अनुसार अहिले पनि २ जना स्वयंसेवकहरु कार्यरत रहिरहेका छन। आईसीसीको निर्देशन अनुसार परियोजनाको लागि आईटी ईक्युपमेन्ट हरु ३ वटा ल्यापटप, १ वटा फोटोकपि मेसिन,१ वटा प्रीन्टर र टोनर कार्टेजहरु खरिदमा क रि १८८१२/- खर्च भएको र उक्त ईक्युपमेन्ट परियोजना समाप्ति पछि नेपाली दूतावासमा हस्तान्तरण गरिने छ। परियोजनाले १४ सेप्टेम्बर २०२० देखि हाल्सम्म विभिन्न शिर्षकहरु जस्तै शेल्टर मोबिलाइजेसन र रेन्ट( मेल शेल्टर र फिमेल शेल्टर) आउट्रीच कार्यक्रमहरु, परियोजनाको स्वयंसेवकहरुको यातायात र लोजेस्टिक खर्च, पिसिआर चेक, केही हवाई टिकटका लागि आम्शिक रकम र फुड आइटम खरिदका लागि श्रमिक बिभागलाई बिनियोजित रकम सहित जम्मा क . रि ६७७५०/- खर्च भएको र यसको लेखा परिक्षण आईसीसी द्वारानै भैइरहेको साथै यो परियोजना अनुगमनका लागि आईसीसी द्वारा मध्यपुर्ब संयोजक श्री प्रबिण गुरुङको संयोजकत्वमा अनुगमन समिती गठन भैइ सोही अनुरुप अनुगमन भैइ उक्त समितिले परियोजना संचालक समिती शीत विभिन्न चरणमा छलफल र अनुगमन गरि हाल सम्मको रिपोर्ट आईसीसीमा पठाईसकेको छ । यो परियोजना समाप्ती पश्चात् आगामी महाधिवेशनमा एनसीसी कतार र आईसीसीको लेखापरीक्षण साथै अनुगमन समितिको रिपोर्ट समेतको परियोजना बिस्तृत प्रतिवेदन प्रस्तुत गरिने जानकारी पनि गराउदछौ ।

## तेस्रो तथा अन्तिम परिषद भेला सम्पन्न

मिति २३ अप्रिल २०२१ का दिन गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको तेस्रो तथा अन्तिम परिषद भेला कतारका लागि नेपाली राजदुत महामहिम डा. नारदनाथ भारद्वाज ज्युको प्रमुख आतिथ्यतामा नेपाली दूतावासको सभाहलमा सिमित उपस्थिति र भर्चुअल जुम अनलाइन मार्फत सम्पन्न गरेको छ । भेलाले एनसीसी कतारको २०९१-२०२१ कार्यकालको संस्थाको संगठानिक प्रगती प्रतिबेदन,आर्थिक प्रतिबेदन, बिभागिय प्रतिबेदनहरु, एनसीसी कतारको बिधान २००३ को दशौ संसोधोन पास गर्दै नबौ राष्ट्रिय महाधिवेशन मार्फत २०२१-२०२३ कार्यकालको पन्जिकृत सदस्यहरू आबेदन आबहानको मिति तय गर्दै नंया कार्यसमिति छनौटको लागि निर्बाचन समिती गठन गरि ९ जुलाई २०२१ मा निर्बाचन र १६ जुलाई २०२१ मा महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

- मिति २५ अप्रील २०२१ का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको २०२१ अप्रील २३ मा सम्पन्न तेस्रो तथा अन्तिम परिषद भेलाको निर्णय अनुशार सन् २०२१-२०२३ कार्यकालको लाीग पञ्जिकृत सदस्यता नविकरण तथा नया सदस्यता आवेदन खुल्ला गरियो ।
- मिति ०७ मे २०२१ का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार सन् २०२१-२०२३ कार्यकालको लाीग पञ्जिकृत सदस्यता नविकरण तथा नया सदस्यता आवेदन खुल्ला गरिएको बारे पुनः जानकारी सहित पञ्जिकृत सदस्यता वापतको रकम भुक्तिानीमा सहजताको लागि प्रदेश-प्रदेशमा सर्म्पक व्यक्ति तोकियो ।
- मिति १३ मे २०२१ का दिन इस्लाम धर्मावलम्बीहरुको महान पर्व ईद अल फितरको अवसरमा एनसीसी कतार र कतारमा स्थापित संघ संस्थाहरु बिच शुभकामना आदानप्रदान तथा कोरना महामारि बाट नेपालमा अक्सिजनका साथै अक्सिजन सिलिन्डरको अभावमा अकाल मृत्युमरण भैरहेको अबस्थामा मध्यपुर्ब अक्सिजन सिलिन्डर नेपाल पठाउने अभियान बारे जानकारी र सहयोग अपिल कार्यक्रम उत्साहजनक रुपमा सम्पन्न भयो ।

- मिति २१ मे २०२१ का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार सन् २०२१-२०२३ कार्यकालको लागि पञ्जिकृत सदस्यता नविकरण तथा नया सदस्यता आवेदन खुल्ला गरिएको बारे पुनः जानकारी सहित नवौ राष्ट्रिय महाधिवेशनको लागि कार्यतलिका सार्वजनिक गरियो ।
- मिति २२ मे २०२१ का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार सन् २०२१-२०२३ कार्यकालको लागि पञ्जिकृत सदस्यता फाराम भरेका निवेदकको आवश्यक कागजात अपुग भै आवेदन अस्विकृत भएमा पुनः आवश्यक कागजात पुरा गरि भर्न सुचना जारि गरियो ।
- मिति २९ मे २०२१ का दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको २०२१–२०२३ कार्यकालका लागि मिति २५ अप्रिल २०२१ मा आव्हान गरिएको पञ्जिकृत सदस्यताको आबेदन मिति २८ मे २०२१ को मध्यरात ११:५९ बजेबाट आबेदन बन्द मध्येपूर्व क्षेत्रीय संयोजक प्रबिण गुरुङको रोहबरमा अनलाईन मार्फत गरिएको र उक्त समय अबधि सम्म जम्मा १४४५० आबेदन प्राप्त भएकोमा ११२२४ आबेदनहरु स्विकृत भएको र ७४४ आबेदनहरु अस्विकृत भएका र अस्विकृत भएका आबेदनहरुमा नपुग कागजातहरुको बारेमा आवेदकहरुको ईमेलमा जानकारी गराईएकोले मिति २९ मे २०२१ मध्यरात ११:५९ सम्म यहाहरुले आफ्ना नपुग कागजातहरु आफ्नो प्रोफाईलमा अद्याबधिक गर्नहुन अनुरोधका साथ सबैमा सुचना सुचित गरियो ।
- मिति ३० मे २०२१ का दिन गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार सन् २०२१-२०२३ कार्यकालको पञ्जिकृत सदस्यहरुको प्रारम्भिक नामावली सार्वजनिक गरियो ।
- मिति ३१ मे २०२१ का दिन एनसीसी कतार २०२१- २०२३ कार्यकालको पञ्जिकृत सदस्यहरुको प्रारम्भिक नामावलीमा एकै ब्याक्तिको डकुमेन्टबाट भरिएका बहुसख्यक आबेदनहरुको नामावली जानकारीको लागि सुचना सुचित गरियो ।
- मिति २ जुन २०२१ का दिन एनसीसी कतारको २०२१-२०२३ कार्यकालको पञ्जिकृत सदस्यको शुल्क भुक्तानी सम्बन्धि सुचना सुचित गरियो ।
- मिति ४ जुन २०२१ का दिन एनसीसी कतारको २०२१-२०२३ कार्यकालको पञ्जिकृत सदस्यको शुल्क भुक्तानी का लागि समय थप सम्बन्धि सुचना सुचित गरियो ।
- मिति १० जुन २०२१ का दिन गैरआवासीय नेपाली संघ, अन्तराष्ट्रीय समन्वय परिषदका सचिब राजेन्द्र कुमार शर्मा, सल्लहकार टिबि कार्की, मध्यपुर्ब संयोजक प्रबिण गुरुङ्ग, मध्यपुर्ब युवा संयोजक राज रेग्मी, सदस्यहरु रमेश भट्ट र युबराज शर्माको रोहबरमा आज मिति ०९ जुन २०२१ का दिन एनसीसी कतारको पुर्ब घोषित कार्यक्रम अनुसार २०२१-२०२३ कार्यकालका लागि खुल्ला गरिएको पन्जिकृत सदस्यताका लागि प्राप्त आबेदनको प्रकाशित प्रारम्भिक नामावलिका आधारमा सदस्यता शुल्क भुक्तानीको अन्तिम दिनका साथै शुल्क भुक्तानीको समय बन्द गर्न आयोजित कार्यक्रम सम्पन्न भएको र कुल १०,१११ (दस हजार एक सय एघार) आबेदकहरुले रकम भुक्तानी गर्नु भएको सबैमा जानकारिका लागि सुचना सुचित गरियो ।
- मिति १४ जुन २०२१ का दिन एनसीसी कतारको २०२१-२०२३ कार्यकालको परिषद सदस्यहरुको अन्तिम नामावली सम्बन्धि सूचना । जारि गर्दै सोहि दिन निर्बाचन समितिलाई अन्तिमी परिसद नामावली र निर्बाचन सम्पन्न गर्न आवस्यक डकुमेन्टहरु हस्तान्तरण गरियो ।

## सामुदायिक प्रहरी बिभागका निर्देशक सङ्गको भेटघाट

मिति २९ जुन २०२१ का दिन सामुदायिक प्रहरी बिभागका निर्देशक डा. मोहम्मद रासिद अल सेमाइहबाट कतारमा रहेका विभिन्न देशका समुदायको प्रतिनिधिहरु सङ्गको भेटघाट कार्यक्रमका लागि प्राप्त निमन्त्रणामा नेपाली समुदायको तर्फबाट एनसीसी कतारका अध्यक्ष र द्धितिय उपाध्यक्ष द्वारा भेटघाट गर्नुभएको थियो ।

## समस्यामा परेका नेपालि श्रमिकहरुलाई सहयोग सामग्री हस्तान्तरण

मिति १० जुन २०२१ बिहिबारका दिन दोहा सेक्युरिटी कम्पनीमा कार्यरत ४० जना नेपाली कामदारहरुलाई गैरआवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको श्रमिक बिभाग द्वारा खाद्यान्न उपलब्ध गराई सहयोग गरेको छ। बिगत ३ महिना देखि बिना तलब बसेका कामदारहरुको आवासमा बिजुली पानी पनि काटिएको र खानाको लागि कम्पनिले कुनै पनि ब्यवस्थापन नगरेको ब्योहोरा सहित एनसीसी कतारमा राहत सहयोगको लागि अपिल आएपछी एनसीसीको श्रमिक बिभाग द्वारा पिडित कामदारहरुको अवस्था निरक्षण गरि हाललाई कम्तीमा १५ दिनलाई पुग्ने रासन सामग्री हस्तान्तरण गरि उद्धार गरिएको र पिडितहरुको समस्या समाधानको लागि सम्बन्धित पक्षसित समन्वय गरिएको थियो ।

## "नेपालमा अक्सिजन सिलिन्डर पठाऔ, आफन्तको ज्यान बचाऔ" अभियानमा आर्थिक सन्कलन

विश्व भरी महामारीको रुपमा फैलिएको कोरना भाइरसको दोस्रो भेरियन्टले नेपालमा ठुलो असर गरि धेरै नेपालीहरुले उपचारको क्रममा अक्सिजनको अभावले ज्यान गुमाउन परेको अवस्थामा गैरआवासिय नेपाली संघ मध्यपुर्ब मार्फत ओमान बाट अक्सिजन सिलिन्डर पठाउने अभियानमा सहयोग गर्नका लागि एनसीसी कतारको नेतृत्वमा कतारमा रहेका नेपाली संघ संस्थाहरु,नेपालि ब्यावसायिहरु र नेपाली श्रमिक दाजुभाई दिदिबहिनीहरु मार्फत कतारी रियाल १६८८४५ रकम सहयोगको प्रतिबद्धता भई उक्त रकम संकलन भईरहेको र केही दिनमै विशेष कार्यक्रम मार्फत रकम हस्तान्तरण गरिने जानकारी पनि गराउदछौ ।

**आदरणिय पञ्जिकृत सदस्य ज्यूहरु,**

उपरोक्त गतिविधिहरुका अलवा नेपाली समुदायको अग्रणी साझा संस्थाको हैसियतमा नेपाल सरकार, नेपाली राजदुतावास, कतार सरकारका विभिन्न निकायहरु, सरोकारवाला संघसंस्थाहरु तथा सिङ्गो समुदाय संग नजिकबाट समन्वय गर्दै दैनिक थुप्रै कार्यहरु सम्पादन गरिरहेको छ। विभिन्न अवसरहरुमा औपचारिक तथा अनौपचारिक रुपमा समुदायको नेतृत्व गर्दै प्रतिनिधित्व गर्ने, सहभागिता जनाउने, स्वागत तथा भेटघाटमा सरिक हुने, नेपाली तथा अन्य समुदायका कार्यक्रम तथा गतिविधिहरुमा उपस्थिति जनाउने, नेपालीहरुका कठिनाईहरुमा परामर्श दिने, सहयोग तथा सहानुभुति प्रकट गर्ने जस्ता समुदायको सरोकार राख्ने जानकारी तथा सुचनाहरु प्रवाह गर्ने, नेपालीहरुका समस्यालाई सम्बन्धित निकायमा पुऱ्याई समाधानको लागि पहल गर्ने जस्ता कार्यहरु दैनिकरुपमा सम्पादन गरिरहेको व्यहोरा जानकारी गराउदछु ।

संघको यस कार्यकाल मुख्यतया विश्व ब्यापी रुपमा फैलिएको कोरना भाइरस संग आम श्रमिकका समस्यामा हातेमालो गर्दै बितेको छ । सबै जना जानकार नै हुनुहुन्छ हामिले निर्वाचित भएपछि तयार गरेका नियमित कार्ययोजना गर्न सम्भव भएन । कोरना विश्वब्यापी रुपमा ठुलो समस्याको रुपमा आउदै गर्दा हामिले दुःखमा परेका नेपालीको पिडामा मलम लागउने अवसरका रुपमा सदुपयोग गर्यो । यो अबधिमा कतार सरकारको सहयोग, नेपालीको अभिवावक नेपाली राजदुतावासको सल्लाह र कतार स्थित सम्पुर्ण संघ संस्थाको समन्वय अविस्मरणिय रह्यो । कोरनाले विश्व आक्रान्त थियो, थुप्रै देशमा नेपालीहरु रोजगार गुमेर खाधान्नको समस्यामा कैयो दिन भोकै बस्नुपर्ने पिडादायी समाचार सुनिरहेका थियौं । हामिले कोरना सुरुको भएको अवस्था बाटै कतार सरकार र नेपाली दुतावास संग समन्वय गरि संघ संस्थाको सहायोग लिएर समस्यामा परेका हरेक नेपालीको क्याम्पहरुमा पुग्यौं । नेपाली समुदायलाई कतार सरकारले गरेका सहयोग सदैव स्मरणिय रहने छ । जसले गर्दा अन्यत्र देशमा जस्तो बिकराल अबस्था आउन पाएन । हामिले शुरुमा खाधान्नको समस्यामा परेकालाई प्राथमिकता दिएर हजारौ प्याक खाधान्न बितरण गर्यौं, विस्तारै रोजगार गुमेका

सयौलाई पुन रोजगारीको लागि सहयोग गर्यौं भने नेपाल फर्कन पर्ने तर टिकटको लागि आर्थिक अभाव भएकालाई प्राथमिकतामा राखेर नेपाल पाठाउने काम गर्यौं । समग्रमा यो कार्यकाल संकट संग जुध्दै आम श्रमिक नेपालीहरुको हितमा काम गर्ने अवसरको रुपमा प्राप्त गरेको महशुस गरेका छौ ।

अन्त्यमा एनसीसी कतारलाई यस कार्यकालमा सहयोग गर्ने नेपाली राजदुतावास, एनआरएन-आईसीसीका वर्तमान तथा पुर्व पदाधिकारीहरु, सल्लाहकार सदस्यहरु, सहकार्य गरिरहेका कतारमा स्थापित संघसंस्थाहरु, बुद्धिजिवी, व्यवशायी, संचारकर्मी तथा सम्पूर्ण एनआरएनएलाई माया गरिरहनुहुने नेपाली दिदीबहिनी तथा दाजुभाईहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी मलाई यस गरिमामय संस्थाको महासचिवको पदिय जिम्मेबारी बहन गर्ने क्रममा सहयोग गर्नुहुने एनसीसी कतारका अध्यक्ष ज्यू, कार्यसमिति पदाधिकारी एवं सदस्य ज्यूहरु, एनआरएनए अभियानका आदरणिय अग्रजहरु, सम्पूर्ण पंजिकृत सदस्यहरु सबै प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र समन्वयको अपेक्षा सहित मिति १५ जुलाई २०२१ का दिन २५ औ सचिबालय बैठक बाट अनुमोदित यस प्रतिवेदन माथि गहन छलफल गरि अनुमोदन गरिदिनुहुन यस नबौ राष्ट्रिय महाधिवेशनमा सहभागी आदरणिय पंजिकृत सदस्य ज्यूहरुमा सादर अनुरोध गर्दछु ।

धन्यबाद ! जय एनआरएनए !!!

पदम गिरी

महासचिब

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार